मजदुर
The Worker Daily दैनिक
○ ग्राहक बन्नु परेमा
○ नवीकरण गर्नु परेमा
○ पत्रिका नियमित नआएमा
○ वितरकहरूसँग नगदी रसिद बिना कारोबार नगरिदिनुहोला ।
मजदुर दैनिक
नगाँचा, कमलविनायक, भक्तपुर
लक्ष्मण तचामो
मो.नं. ९८०३६८७३२३

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक
Website : www.onlinemajdoor.com

**१४औं वार्षिक साधारणसभासम्बन्धी सूचना**

यस संस्थाको १४ औं वार्षिक साधारणसभा निम्न मिति, समय र स्थानमा हुने सहर्ष जानकारी गराउँदै यहाँहरूको उपस्थितिको लागि विनम्र अनुरोध गर्दछ ।

कार्यक्रम
मिति : २०८० पुस २१ गते, शनिबार
समय : बिहान १० बजेदेखि २ बजेसम्म
स्थान : महाकाली पीठ, तल

*नोट : उपस्थित हुँदा संस्थाबाट प्रदान गरिएको पासबुक वा परिचयपत्र अनिवार्यरूपमा लिएर आउनुहोला ।*

जय महाकाली बचत तथा ऋण सहकारी संस्था लि.
भोलाछैं-६, भक्तपुर फोन नं. ०१-६६१४५४३

वर्ष : २५ ★ अङ्क : ३४६ ★ ने. सं. ११४४ थिंल्ला गा, अष्टमी ★ बिहीबार ★ १९ पुस, २०८० ★ January 4, 2024, Thursday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८

## कृषिप्रधान देशका प्रम र मन्त्रीहरूलाई भारतसँग दाल, चामल, तरकारी किन्न कसरी लाज लागेनन् ?



काठमाडौँ, १८ पुस । प्रतिनिधिसभाअन्तर्गतको कानुन, न्याय तथा मानव अधिकार समितिको बुधबारको बैठकमा केही नेपाल ऐन संशोधन विधेयकको दफा १४, २७, ३१, ३४, ३५, ४०, ६८, ८० लगायतमा परेका संशोधनबारे छलफल भयो ।

बैठकमा नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले विधेयकको दफा १४ मा विदेशी लगानीलाई जोड दिनु देशलाई नवउपनिवेश बनाउनुभएको उल्लेख गर्दै एमसीसी सम्झौता अमेरिकी कानुन र नीति पालना गर्नुपर्ने विदेशी लगानी भएको र नेपालको बिजुली भारत हुँदै सिङ्गापुरसम्म लैजाने सम्झौता भएको हुँदा सो सम्झौता खारेज गर्नुपर्ने संशोधन पेस गर्नुभयो ।

विधेयकको दफा २७ मा मन्त्रीहरूको सुविधा तथा पारिश्रमिकसम्बन्धी विधेयकमा संशोधन पेस गर्दै सांसद सुवालले नेपालका राष्ट्रपति र प्रधानमन्त्री भैंसी दुहेको र बाखा चराएको दाबी गर्ने तर चप्पल लगाएर सिंहदरबार छिरेकाहरू खराब उद्योगी व्यापारीसँग कमिसन खाएर मोटाएको जनताको विरोध उठेको हुँदा पेरिस कम्युनले गरेजस्तै मन्त्रीको तलब र सुविधा मजदुरको सरह हुनुपर्ने उल्लेख गर्नुभयो ।

विधेयकको दफा ३१ मा संशोधन पेस गर्दै सांसद सुवालले कतिपय सरकारी कर्मचारीहरू भन्सार, मालपोत, न्यायालय, अर्थमन्त्रालय, प्रशासनमा सरूवा हुन मरिहत्ते गर्ने हुँदा राजस्व चुहावट बढेको उल्लेख गर्दै वर्षको सबैभन्दा आम्दानी गर्नेले बढी राजस्व बुझाएको हो होइन सार्वजनिक हुनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

सांसद सुवालले प्रत्येक पालिकामा कृषि र पशु अधिकृत एक एक जना नियुक्ति गरी देशलाई कृषि र दूध एवं मासुजन्य पदार्थमा आत्मनिर्भर बनाउनुपर्ने संशोधन विधेयकको दफा ३४ मा प्रस्तुत गर्दै कृषिप्रधान देश नेपालका प्रधानमन्त्री र मन्त्रीहरूलाई भारतसँग दाल, चामल, तरकारी किनेर खानुपर्दा लाज लाग्नुपर्ने होइन र भनी प्रश्न गर्नुभयो ।

सांसद सुवालले ५५ वर्षदेखि भक्तपुरका किसानहरूसँग गाई भैंसीको दूध खरिद गर्दै आएको सल्लाघारीस्थित दुग्ध विकास संस्थानको सङ्कलन केन्द्र बन्द गर्ने पाउडर दूध भारतबाट आयात गर्ने सरकारी निर्णय उखु किसान समाप्त पारी चिनी भारतबाट ल्याइए जस्तै षड्यन्त्र भएको उल्लेख गर्नुभयो ।

विधेयकको दफा ३५ मा संशोधन पेस गर्दै सांसद सुवालले आयोडिनयुक्त नुन उत्पादन र वितरणमा एकाधिकार गरी गुणस्तर घटाउने, मूल्य बढाउने र कर छलीसमेत गर्ने काम निजी कम्पनीबाट भइरहेको हुँदा नेपाल सरकारले नै आयोडिनयुक्त नुन उत्पादन र वितरण गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

सांसद सुवालले विधेयकको दफा ४० मा संशोधन पेस गर्दै सरकारले उद्योग व्यापार गर्न नहुने विकास निर्माणमा संलग्न हुन नहुने दाबी गर्नेहरू खराब उद्योगी व्यापारीसँग कमिसन खाने नियतकै भएको र खराब ठेकेदारले बनाएको कालोपत्र छिट्टै बिग्रिएको हुँदा सरकारले पूर्वाधार निर्माण कम्पनी र जनताको उपभोक्ता समितिमार्फत विकास निर्माण गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

सांसद सुवालले संविधानमा समाजवादउन्मुख व्यवस्था भएको हुँदा विधेयकको दफा ६८ को सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन खारेज गर्नुपर्ने संशोधन पेस गर्नुभयो ।

विधेयकको दफा ८० मा संशोधन पेस गर्दै सांसद सुवालले बीमाको नाममा ठगी भइरहेको नियन्त्रण हुनुपर्ने, निजी बीमा संस्थानहरू खारेज गरी बीमासम्बन्धी सम्पूर्ण सेवा सरकारी बीमा संस्थानले सुलभरूपमा दिनुपर्ने, माघ महिनादेखि स्वास्थ्य बीमाका बिरामीले दस प्रतिशत नगद बुझाउनुपर्ने सरकारी निर्णय खारेज गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

नेकाका कानुनमन्त्री धनराज गुरूङ यसअघि सांसदमात्र हुँदा मन्त्रीहरूबाट काम नभएको धेरै गुनासो गर्नुहुने उल्लेख गर्दै सांसद सुवालले मन्त्री गुरूङ सिंहदरबार पसेको एक वर्ष भयो तर सुशासनमा प्रगति नभएको र सिंहदरबार भ्रष्टाचारको अखडा भएको आरोपमा कमी नआएको उल्लेख गर्नुभयो ।

पुस १६ गतेको समिति बैठकमा ७८ ओटा कानुन संशोध हुने विधेयकमा छलफल छिटछिटो गर्न नहुने संशोधनकर्ता सांसदहरूको सुझाव पेस भएपछि एक बैठकमा विधेयकको केही दफामा मात्र छलफल गर्ने व्यवस्था गरिएको थियो ।

## अल–अरौरी हत्यापछि हमासले इजरायलसँगको वार्ता स्थगन

गाजा ३ जनवरी (प्रेस टीभी) । मङ्गलबार साँझ दक्षिणी लेबनानमा इजरायली क्षेप्यास्त्र हमलाबाट हमासका शीर्ष नेतामध्ये एक सालेह अल-अरौरी मारिएपछि हमासले इजरायलसँग युद्धविराम वार्ता स्थगन गरेको घोषणा गरेको छ । “हामीले कतार र इजिप्टका दाजुभाइलाई वार्ता रोकिएको जानकारी गराएका छौँ,” नाम नबताउने सर्तमा स्रोतले भन्यो । अहिलेसम्म कतार र इजिप्टले युद्धविरामको मध्यस्थता गर्दै आएका छन् ।

हमासले प्यालेस्टिनी नेताहरूविरुद्ध इजरायली आक्रमण र ‘हत्या योजनाहरू’ बढेको हुँदा गाजापट्टीमा युद्धविराममा पुग्ने कुनै पनि वार्तालाई अस्वीकार गरेको छ । लेबनानको राजधानी बेरुतको दक्षिणी उपनगर दहियाहमा रहेको हमासको कार्यालयलाई लक्षित गरी इजरायली हमलामा हमास पोलिटब्युरोका उपप्रमुख अल-अरौरीका साथै केही सहयोगीहरू पनि मारिएका छन् ।



**सालेह अल-अरौरी**

उक्त क्षेप्यास्त्र हमलालाई ‘बर्बर र जघन्य’ आतङ्कवादी कार्य, लेबनानको सार्वभौमसत्ताको उल्लङ्घन र प्यालेस्टिन र प्यालेस्टिनी जनताविरुद्ध इजरायली आक्रमणको विस्तारको रूपमा आलोचना गर्दै हमासले इजरायली आक्रमणमा आफ्ना सात सदस्यहरू मारिएको पुष्टि गरेको छ ।

लेबनानी सशस्त्र समूह हिजबुल्लाहले उक्त आक्रमण लेबनानी जनता, सुरक्षा र सार्वभौमसत्तामाथि गम्भीर आक्रमण भएको बताएको छ ।

यो अपराधको प्रतिक्रिया र सजायबिना कहिल्यै पूरा हुनेछैन । यो आक्रमणले वर्तमान इजरायल-हमास द्वन्द्वमा ‘खतरनाक विकास’ को सङ्केत गरेको चेतावनी दिएको छ ।

इरानले बेरुतमा ड्रोन हमलामा हमास नेता अल-अरौरीका साथै दुई अल-कसाम ब्रिगेडका कमान्डरहरूको हत्या गर्ने इजरायलको ‘घृणित’ कदमको निन्दा गरेको छ । अल-कसाम ब्रिगेड हमासको सशस्त्र विंग हो ।

हालैका हप्ताहरूमा, इजरायली अधिकारीहरूले प्यालेस्टिनी क्षेत्रहरू र बाहिरका हमास नेताहरूलाई मार्ने धम्की दिएका थिए, विशेषगरी अल-अरौरीलाई इजरायलले अक्टोबर ७ मा दक्षिणी इजरायलमा ‘अल-अक्सा आँधी’ आक्रमणको लागि प्रत्यक्षरूपमा जिम्मेवार भएको आरोप लगाएको थियो ।

५७ वर्षीय अल-अरौरी प्यालेस्टिनको वेस्ट बैङ्कमा अल-कसाम ब्रिगेड र यसका सेलका संस्थापक हुनुहुन्थ्यो । उहाँ १८ वर्षभन्दा बढी समयसम्म इजरायलको जेलमा बन्दी बनाइनुभएको थियो र सन् २०१० मा उहाँलाई रिहा गरी इजरायली अधिकारीहरूले प्यालेस्टिनी क्षेत्रबाट निर्वासित गरेका थिए । सोही वर्ष उहाँ हमास पोलिटब्युरो सदस्यको रूपमा निर्वाचित हुनुभएको थियो । अल-अरौरी २०१७ मा हमासको शीर्ष नेतृत्व अङ्गमा नम्बर २ नेता बन्नुभएको थियो ।

इरानका रक्षामन्त्री ब्रिगेडियर जनरल मोहम्मद-रेजा अष्टियानीले प्यालेस्टिनी हमास प्रतिरोधी आन्दोलनका एक शीर्ष अधिकारीको हत्याको निन्दा गर्नुभएको छ र संयुक्त राज्य अमेरिकालाई ‘यसको गम्भीर परिणामको लागि आफूलाई तयार रहन’ चेतावनी दिनुभएको छ । राजधानी तेहरानमा बुधबार बसेको मन्त्रिपरिषद्को बैठकपछि अष्टियानीले यस्तो टिप्पणी गर्नुभएको हो ।

*बाँकी पृष्ठ ८ मा*



अल-अलौरी हत्याको विरोधमा वेस्ट बैङ्कको जेनिनमा भएको विरोध जुलुस

## सचेत र सङ्गठित जनशक्तिबाटै चीनमा जनवादी क्रान्ति

काठमाडौँ, १८ पुस । नेपाल क्रान्तिकारी किसान सङ्घ काठमाडौँ जिल्ला समितिको आयोजनामा मङ्गलबार क्षेत्रपाटीमा माओ त्सेतुङको जन्म दिवसको अवसरमा प्रवचन कार्यक्रम भयो ।

उक्त कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य नारायण महर्जनले अध्यक्ष माओले चिनियाँ जनतालाई राजनीतिक र वर्गीयरूपले सचेत पारी जनवादी क्रान्ति गरेको विचार व्यक्त गर्नुभयो ।

सङ्गठित र सचेत जनशक्तिबाटै अध्यक्ष माओले सन् १९४९ मा जनवादी गणतन्त्र ल्याउन सफल भएको उल्लेख गर्दै उहाँले जनताको घर-आँगनमा पुगेर जनताको समस्या बुझ्न र सांस्कृतिक स्तर उठाउन सांस्कृतिक क्रान्ति गरेको बताउनुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य राजवीर डंगोलले देशका युवाहरूलाई विदेशबाट सिकेको ज्ञान, अनुभवबाट आफ्नो देशको जनताको सेवा गर्न माओले सुसूचित पारेको स्पष्ट पार्दै कम्युनिस्ट भनिने सत्तारुढ पार्टीले देशमा कम्युनिस्ट आन्दोलन र समाजवादी क्रान्ति पछि धकेल्न भारतीय एकाधिकार पुँजीको सेवा गरिरहेको बताउनुभयो ।

नेमकिपाका वैकल्पिक केन्द्रीय सदस्य एनबी श्रेष्ठले माओको जीवनमा जस्तोसुकै कठिन परिस्थिति आए पनि शत्रुसामु नझुकी चिनियाँ जनक्रान्तिको निम्ति अघि बढेको बताउनुभयो ।

नेमकिपा काठमाडौँका सदस्य ज्ञानीमैयाँ दराईले सत्तारूढ कम्युनिस्ट भनिने पार्टीहरू विदेशी दलाल भइरहेकोमा चिन्ता व्यक्त गर्दै नेपालका कम्युनिस्टहरूले मार्क्सवाद-लेनिनवाद र माओ विचारधारालाई नेपालको देश, काल र परिस्थितिअनुसार लागु गर्न अघि सर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

किसान कार्यकर्ता राम श्रेष्ठले हरेक कार्यकर्ताहरू देश र जनताको सेवामा समर्पित भएर क्रान्तिको निम्ति अघि सर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

अर्का अग्रज किसान कार्यकर्ता नरमान महर्जनले कम्युनिस्ट पार्टीको सरकारले वृद्ध वृद्धाहरूको जीवन सुनिश्चित गर्ने उल्लेख गर्नुभयो ।

नेक्राकिसङ्घ काठमाडौँ जिल्ला समितिका अध्यक्ष हरिशरण श्रेष्ठले बहुमत जनताको सुखको निम्ति पुँजीवादी व्यवस्थाको अन्त्य गरी समाजवादी व्यवस्था स्थापना गर्नुपर्छ भन्नुभयो ।

उक्त कार्यक्रममा मन्दिरा डंगोल, बन्दना श्रेष्ठ, काशीलाल डंगोलले विश्वका शान्तिप्रेमी र न्यायप्रेमी जनता साम्राज्यवादी नीतिको विरोधमा सङ्घर्ष गरि रहेको बताउनुभयो ।

**कार्टुन**





**तरल व्यापारी**

कालीमाटी फलफुल तथा तरकारी बजारमा व्यापारीले बिक्रीका लागि राखेको तरुल । *तस्बिर : हरिराम भेटुवाल/रासस*

# गरुडकुण्डदेखि च्याम्हासिंहसम्मको मासु पसलमा अनुगमन

भक्तपुर, १८ पुस । भक्तपुर नगरपालिका पसल अनुगमन समितिका संयोजक राजकृष्ण गोराको संयोजकत्वमा गरुदकुण्डदेखि च्याम्हासिंहसम्म रहेको मासु पसल अनुगमन गरियो । धेरै पसलहरूमा मासु खुला राख्दा धुवाँ, धुलो र झिँगाले भन्किने भएकोले सिसाको बाकस बनाई मासु जालिले छोपेर बेच्न टोलीले निर्देशन दियो ।



अनुगमनमा टोलीले तुल्सीनारायण शाहीको मासु पसल नवीकरण गर्न, मासु खुला राख्दा धुवाँ, धुलो र झिँगाले भन्किने भएकोले सिसाको बाकस बनाई मासु जालिले छोपेर राख्न, सरसफाइमा ध्यान दिन, एप्रोन सेतो प्रयोग गर्न, भुइँ, भित्ता पानी नसोसिने र सजिलै सफा गर्न मिल्ने गरी कार्पेट वा टायल राख्न, प्रयोग गरेको पानी बाटोमा नआउने गरी निकास व्यवस्थित गर्न, पेटी र पेटीमुनि सामान नराख्न निर्देशन दियो ।

च्याम्हासिंह फ्रेस मिट पसल नवीकरण गर्न, मासु खुला राख्दा धुँवा, धुलो र झिँगाले भन्किने भएकोले सिसाको बाकस बनाई मासु जालिले छोपेर राख्न, सरसफाइमा ध्यान दिन, एप्रोन सेतो प्रयोग गर्न, भुइँ, भित्ता पानी नसोसिने र सजिलै सफा गर्न मिल्ने गरी कार्पेट वा टायल राख्न, प्रयोग गरेको पानी बाटोमा नआउने गरी निकास व्यवस्थित गर्न, पेटी र पेटीमुनि सामान नराख्न निर्देशन दिई तराजु नवीकरण नभएकोले जफत गरी बासी र बिग्रेको मासु २२ किलो जफत गरी नष्ट गरियो ।

त्यस्तै, जय जय श्री ब्रह्मायणी कोल्ड स्टोरलाई सरसफाइमा ध्यान दिन, एप्रोन सेतो प्रयोग गर्न निर्देशन दियो ।

भक्तपुर आर कोल्ड स्टोर धेरै वर्षको नवीकरण बाँकी भएकोले तीन दिनभित्र नवीकरण गर्न, सरसफाइमा ध्यान दिन, एप्रोन सेतो प्रयोग गर्न, भुई, भित्ता पानी नसोसिने र सजिलै सफा गर्न मिल्ने गरी कार्पेट वा टायल राख्न, प्रयोग गरेको पानी सजिलै बाहिर जाने निकास व्यवस्था गर्न निर्देशन दिइयो ।

भक्तपुर चिकेन हाउस नवीकरण गर्न र म्याद नाघेको न्यु भक्तपुर चाउचाउ नष्ट गर्न निर्देशन दिइयो ।

त्यस्तै, एस. एन्ड एस. फ्रेस मिट सपमा मासु खुला राख्दा धुँवा, धुलो र झिँगाले भन्किने भएकोले सिसाको बाकस बनाई मासु जालिले छोपेर राख्न, सरसफाइमा ध्यान दिन, एप्रोन सेतो प्रयोग गर्न, भुइँ, भित्ता पानी नसोसिने र सजिलै सफा गर्न मिल्ने गरी कार्पेट वा टायल राख्न, प्रयोग गरेको पानी बाटोमा नआउने गरी निकास व्यवस्थित गर्न निर्देशन दिइयो ।

अनुगमनमा भक्तपुर नगरपालिका अनुगमन समितिका सदस्य श्यामकृष्ण खत्री, रोशनमैँया सुवाल, ज्ञानबहादुर मानन्धर, भनपा स्यानिटेसन उपशाखाका प्रमुख दिलिपकुमार सुवाल, वडा निरीक्षक रामकृष्ण प्रजापति, जिल्ला प्रशासन कार्यालय, भक्तपुरका हरिहर काफ्ले, पशु सेवा शाखा भक्तपुरका पार्वती योञ्जन, भक्तपुर घरेलु तथा साना उद्योग सङ्घका सुमित्रा श्रेष्ठ र महानगरीय प्रहरी परिसरका रेशम बस्नेतको उपस्थिति थियो ।

# सिकर्मीहरूमाझ स्तालिन र माओ जयन्ती मनाइयो




भक्तपुर, १८ पुस । भक्तपुर सिकर्मी सङ्घको आयोजनामा विश्व सर्वहारावर्गका गुरुहरू स्तालिन र माओ त्सेतुङको जन्म दिवसको अवसरमा बुधबार प्रवचन कार्यक्रम भयो ।

उक्त कार्यक्रममा नेमकिपा भक्तपुर नगर समितिका अध्यक्ष नारायणबहादुर दुवालले जोसेफ स्तालिन र माओ त्सेतुङ देश र जनताप्रति समर्पित भएर निरन्तर लागेकै कारण रुस र चीनमा समाजवादी क्रान्ति सफल भएको बताउनुभयो ।

देश र जनताको सेवामा सङ्घर्षरत नेताहरूको जीवनी अध्ययन गरी अध्ययनबाट सिकेको कुरा जनतामाझ पुऱ्याउनुपर्नेमा जोड दिँदै उहाँले नेतृत्व क्षमता अभिवृद्धि गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

नेपाल क्रान्तिकारी मजदुर सङ्घका जिल्ला अध्यक्ष उपेन्द्र सुवालले सत्ताधारी कम्युनिस्टहरू नक्कली भएकै कारण देश परनिर्भर हुँदै जनताले दुःख पाइरहेको बताउनुभयो ।

सङ्घका अध्यक्ष विक्रम धुकुछुको सभापतित्वमा भएको उक्त कार्यक्रममा सङ्घका उपाध्यक्ष रामसुन्दर सुवाल र सचिव पुण्यराम न्हुछेले पनि स्तालिन र माओ त्सेतुङको योगदानबारे चर्चा गर्नुभएको थियो ।

# कीर्तिपुरमा ‘श्रमिक’ र ‘मजदुर’ पत्रिकाको अध्ययन गोष्ठी

कीर्तिपुर, १८ पुस । नेपाल मजदुर किसान पार्टी कीर्तिपुर नगर समितिको आयोजनामा बुधबार नगर पार्टी कार्यालयमा विचारप्रधान ‘श्रमिक’ साप्ताहिक र ‘मजदुर’ दैनिकको अध्ययन गोष्ठी भयो ।

गोष्ठीमा नेमकिपाका केन्द्रीय सदस्य नारायण महर्जनले पुस महिनाको समय स्तालिन र माओ त्सेतुङको जन्म भएको महिना भएकोले विश्व सर्वहारावर्गका महान् गुरुहरूबाट शिक्षा लिनुपर्ने बताउनुभयो । उहाँले माओको ‘सन्तोष अध्ययनको शत्रु’ भन्ने भनाइलाई हामी सबैले मनन गर्नुपर्ने बताउनुभयो ।

अध्ययन नगर्दा नयाँ ज्ञान हासिल गर्न नसक्ने भएकोले नेमकिपाले पार्टी प्रकाशन र पुस्तकहरू प्रकाशित गरी जनतालाई शिक्षित पार्ने काम गर्दै आइरहेको बताउनुभयो ।

कार्यक्रममा नेमकिपा कीर्तिपुर नगरका मधुकर श्रेष्ठले इजरायली फासीवादीले प्यालेस्टिनी जनतामाथि नरसंहार गर्नु अमानवीय भन्दै तुरुन्तै युद्ध बन्द गर्नुपर्ने र स्थायी शान्तिको लागि नेमकिपाले नेपालको तर्फबाट आवाज उठाएको बताउनुभयो ।

राजेश महर्जनले हरेक विषयमा अध्ययनलाई प्राथमिकता दिनुपर्ने बताउनुभयो । पूर्वकेन्द्रीय सदस्य प्रशान्त महर्जनले पार्टीका कार्यकर्ताहरूले समाजका हरेक विषयमा गहिरो अध्ययन र छलफल गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

नेमकिपा कीर्तिपुर वडा ९ का अविरमान महर्जनले ‘मजदुर’ दैनिकको सम्पादकीयमा प्रकाशित ‘विकासको दशक बनाउन भ्रष्टाचारको अन्त्य गर्नुपर्छ’ भन्नेबारे प्रस्ट पार्नुभयो । कीर्तिपुर नगरका हरिकुमार महर्जनको सभापतित्वमा भएको कार्यक्रममा कान्छाबाबु महर्जनले पनि बोल्नुभएको थियो ।

# भारत र चीनमा कोरोनाको नयाँ भेरियन्ट, नेपालमा सजकता अपनाउन आग्रह

काठमाडौँ, १८ पुस । छिमेकी मुलुकमा भारत र चीनमा कोरोनाको नयाँ भेरियन्ट देखापरेपछि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले नेपालमा सजकता अपनाउन आग्रह गरेको छ । भारत र चीनमा कोरोनाको नयाँ भेरियन्ट जेएन-१ फैलिरहेकाले नेपालमा पनि फैलिनसक्ने भएकाले मन्त्रालयले सजकता अपनाउन आग्रह गरेको हो । मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले भीडभाड हुने स्थान जस्तै मेला, भोज, पार्टीलगायतमा मास्कको प्रयोग गर्नहुनु, भौतिक दूरी कायम राख्नहुन र हातको सरसफाइमा ध्यान दिन सबैलाई अनुरोध गर्नुभएको छ । उहाँले नेपालमा अणुवाङ्शिक अध्ययन गर्दा अहिलेसम्म उक्त नयाँ भेरियन्ट पुष्टि नभएको बताउनुभयो ।

मन्त्रालयले विश्वका केही देशमा कोभिड-१९ को सङ्क्रमणको नयाँ भेरियन्ट जेएन-१ को जोखिम बढिरहेको र छिमेकी देशमा पनि सङ्क्रमण फैलिरहेकाले आवश्यक निगरानी एवं सम्बन्धित देशहरूसँग समन्वय गरिरहेको जनाएको छ । कोभिड-१९ को नयाँ सब भेरियन्टको बढ्दो सङ्क्रमणलाई ध्यानमा राख्दै प्रवेश बिन्दुका सबै हेल्थ डेक्स, स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य संस्था तथा सबै सरोकारवालामार्फत आवश्यक स्क्रिनिङ्ग र निगरानी भइरहेको उल्लेख गर्दै मन्त्रालयले नयाँ भेरियन्टको रोकथाम र उपचारको व्यवस्थापनका लागि तयारी अवस्था रहेको जनाएको छ । **(रासस)**

# लमजुङमा ‘हाइ अल्टिच्युड’को प्याराग्लाइडिङ विद्यालय स्थापना

काठमाडौँ, १८ पुस । लमजुङमा ‘हाइ अल्टिच्युड’को प्याराग्लाइडिङ विद्यालय सञ्चालनमा आएको छ । लमजुङको दोर्दी गाउँपालिका-८ थौँतीमा बाबु एडभेञ्चर प्याराग्लाइडिङ कम्पनीले उक्त विद्यालय सञ्चालनमा ल्याएको हो ।

तीन हजार नौ सय मिटर उचाइमा रहेको उक्त विद्यालयमा उच्च हिमाली भेगमा कसरी प्याराग्लाइडिङमा उड्ने र उडान गर्नेबारे सीप सिकाइने कम्पनीका सञ्चालक सानोबाबु सुनुवारले जानकारी दिनुभयो । नागरिक उड्डयन प्राधिकरणको स्वीकृति र स्थानीय तहसँगको सहकार्यमा विद्यालय सञ्चालन गरिएको उहाँको भनाइ छ ।

प्याराग्लाइडिङ विद्यालय सञ्चालन गर्न आवश्यक पूर्वाधारका लागि दोर्दी गाउँपालिकाले समेत सहयोग गरेको गाउँपालिकाका अध्यक्ष युवराज अधिकारीले बताउनुभयो । गाउँपालिकामा रहेको भेडीगोठ सहितका अन्य पर्यटकीय गन्तव्यको प्रवर्द्धनका लागि पनि प्याराग्लाइडिङ विद्यालय महत्वपूर्ण हुने उहाँको भनाइ छ । पालिकामा प्याराग्लाइडिङ विद्यालय स्थानीयका लागि समेत नयाँ अवसर भएको अध्यक्ष अधिकारीले बताउनुभयो । उहाँले भन्नुभयो, “पर्यटकीय क्षेत्रमा नै विद्यालय सञ्चालन हुँदा स्थानीयलाई रोजगारी प्राप्त हुन्छ । यसबाहेक स्थानीयले तालिम समेत लिन मिल्ने भएपछि रोजगारीको समेत अवसर हो ।”

बाबु एडभेञ्चर प्याराग्लाइडिङ कम्पनीले नौ वर्षदेखि स्याङजाको भीरकोट नगरपालिका-५ स्वरेक मैदानमा प्याराग्ग्लाइडिङ विद्यालय सञ्चालन गर्दै आएको छ । प्याराग्लाइडिङ विद्यालयसँग सहकार्य र सहयोगका लागि विभिन्न कम्पनीले चासो देखाएका छन् । हालैमात्र रेडबुलको ‘एड्भेन्चर’ टोली नेपाल आएर विद्यालयको अवलोकन गरेको थियो । त्यसपश्चात उनीहरूले विद्यालयसँग सहकार्य गर्ने प्रतिबद्धता जनाएको सञ्चालक सुनुवारले बताउनुभयो । नेपालमा हिमाल आरोहणका लागि मात्रै नभई विदेशी पर्यटक ‘हाइ अल्टिच्युड’ प्याराग्लाइडिङका लागि आउने नेपाल हवाई खेलकुद संस्था (ना) का निवर्तमान अध्यक्ष कृष्ण भट्टराईले बताउनुभयो ।

सामान्य प्याराग्लाइडिङ विश्वको धेरै ठाउँमा उपलब्ध रहेको भए पनि हाइ अल्टिच्युड भने नभएको उहाँको भनाइ छ । नेपालमा हाइ अल्टिच्युड प्याराग्लाइडिङको अत्यधिक सम्भावना रहेकाले उक्त विद्यालय महत्वपूर्ण हुने भट्टराईको विश्वास छ । “नेपालमा प्याराग्लाडिङ र साहसिक पर्यटनका लागि धेरै उत्कृष्ट गन्तव्य छन्”, उहाँले भन्नुभयो । विद्यालय सञ्चालनले साहसिक प्याराग्लाइडिङ उडानमा दक्ष जनशक्तिको उत्पादन र विदेशी मुद्रा आर्जनमा समेत सहयोग पुग्ने उहाँको विश्वास छ । **(रासस)**

# वैदेशिक रोजगारीमा पठाउने बहानामा लाखौँ ठगी

काठमाडौँ, १८ पुस । बेरोजगार युवालाई वैदेशिक रोजगारीमा पठाउने बहानामा लाखौँ ठगी गरेका चार जना पक्राउ परेका छन् । रोमानिया पठाइदिन्छु भन्दै रु. २१ लाख ३६ हजार ठगी गरेको अभियोगमा दोलखा मेलुङ गाउँपालिका-२ घर भई काठमाडौँ महानगरपालिका-२४ बाङ्गेमुढा बस्ने ५० वर्षीय ढालबहादुर बुढाथोकी प्रक्राउ परेका छन् ।

अभियुक्त बुढाथोकीले १४ जना युवालाई वैदेशिक रोजगारीको लागि रोमानिया पठाई फुड प्याकिङमा मासिक रू. एक लाख तलब प्राप्त हुने प्रलोभनमा पारी पटकपटक गरेर उक्त रकम ठगी गरेको काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयले जनाएको छ ।

यसैगरी कतार पठाइदिन्छु भन्दै रू. दुई लाख ९४ हजार ठगी गरेको अभियोगमा सिन्धुपाल्चोक चौतारा साँगाचोकगढी नगरपालिका-१ का कैलाश गिरीलाई पक्राउ गरिएको छ । निजले वैदेशिक रोजगारीका लागि कतार पठाइ दिने र मासिक रू. ८० हजार दिलाउने भन्दै उक्त रकम ठगेका हुन् ।

यसैबिच, स्लोभेनिया पठाइदिने बहानामा रू. दुई लाख ८० हजार ठगी गरेको अभियोगमा धादिङका जयराज शाही र गोरखा चुमनुव्री गाउँपालिका-४ की ३५ वर्षीया छिमी सुनिनलाई पक्राउ गरिएको छ । सबै अभियुक्तलाई थप अनुसन्धान तथा कारबाहीको लागि वैदेशिक रोजगार विभाग चलान गरिएको छ ।

# बसाइँ सरेर आउने चरा घट्दो

कञ्चनपुर, १८ पुस । हिउँदका बेला कञ्चनपुरका ताल तथा नदीलगायत सीमसार क्षेत्रमा बसाइँ सरेर आउने अप्रवासी चराको चहलपहल घटेको सम्बद्ध विज्ञको भनाइ छ ।

जलवायु परिवतर्नको असर, आहाराको कमीलगायत कारणले बसाइँ सरेर आउने चराको सङ्ख्यामा कमी देखिएको हो । सीमसार क्षेत्र मानव अतिक्रमणको चपेटामा परी खुम्चिँदै गएको र ताल पुरिँदै जाँदा जलपक्षीका लागि असर परेको छ ।

“बसाइँ सरेर आउने चराको बासस्थान खुम्चिँदै जान थालेको छ”, नेपाल पक्षी संरक्षण सङ्घका चरा विज्ञ हिरूलाल डगौराले भन्नुभयो, “जलाधार क्षेत्र अतिक्रमणको चपेटामा परेका छन्, निकुजभित्रका तालतलैया नरकटे र जलकुम्भीलगायत वनस्पतिका कारण पुरिँदै गएका छन्, बासस्थानको कमीले जलपक्षीको सङ्ख्यामा कमी देखिएको छ ।”

उहाँका अनुसार शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको रानीताल, सिकारी ताल, कालीकिचताल नरकटेले भरिन थालेको छ । निकुञ्ज बाहिरको बेलौरी नगरपालिका-६ भुराकोटमा पर्ने पुरैनी ताल बसाइँ सारेर आउने चराको मुख्य क्षेत्रका रूपमा रहेको छ । “त्यस तालमा ५५ प्रजातिका जलपक्षीको विगतमा रेकर्ड गरिएको थियो”, उहाँले भन्नुभयो, “अहिले त्यस तालमा २८ प्रजातिका चरामात्रै देखिएका छन् ।”

अट्ठाइस बिघा क्षेत्रफलमा फैलिएको तालमा हरिटाउके हाँस, जुल्फे हाँसलगायत पक्षी यस वर्ष देखिएका छैनन् । हाँस प्रजातिका चरा, सारस र भुडिफोर गरुड पनि यस तालमा हिउँदका बेला देखिने गरेका थिए । साइबेरिया, कीर्गिस्तान, जापान, उत्तरी चीन, मङ्गोलियालगायत क्षेत्रमा माइनस डिग्री तापक्रम पुग्ने भएकाले चरा जाडो छल्नका लागि हिमाल छिचोल्दै कञ्चनपुरका नदी ताल क्षेत्रमा आउने गर्दछन् ।

चिसो छल्न र आहारको कमी भएपछि आहारा खोज्नका लागि चरा आउने प्रक्रिया वर्षौंदेखि यहाँ निरन्तररूपमा चल्दै आएको छ । बसाइँ सरेर आउने चरामा अधिकांश जलपक्षी र सिकारी प्रजातिका पक्षी रहने गरेका छन् । शुक्लाफाँटा राष्ट्रिय निञ्कुजभित्रका सिकारीताल, कालीकिच, बाबाताल, सलगौडीताल, रानीताललगायत अप्रवासी चराका लागि गन्तव्यका रूपमा रहेका छन् ।

निकुञ्ज बाहिरका बन्दाताल, महाकाली, चौधर, स्याली, सनबोरा, दोदा नदीलगायत क्षेत्रमा पनि अप्रवासी चरा देखिने गरेका छन् । असोजको पहिलो हप्तादेखि बसाइँ सरेर चरा आउने क्रम पुसको दोस्रो हप्तासम्म जारी रहने गर्दछ । गर्मी बढ्न थालेपछि चैतदेखि पाहुना चरा पुरानै ठाउँमा फर्कने गर्दछन् ।

चराविज्ञ डगौराका अनुसार प्रतिवर्ष नेपालमा एक सय ५० प्रजातिका चरा जाडो छल्नकै लागि आउने गरेका छन् । तीमध्ये आधा हास प्रजातिका चरा रहने गरेका छन् । कञ्चनपुर र कैलालीका ताल, नदी र सिमसार क्षेत्रमा ३० भन्दा बढी प्रजातिका पक्षी बसाइँ सरेर आउने गरेको छ । उहाँका अनुसार मालक हाँस, खरखसे हाँस, हरियो टाउके हाँस, सिन्दुरे हाँस, कैलेटाउके हाँससहित जीवल फिस्टो, डुबुल्के, लालकण्ठे, झेकझेक भ्रयाप्सी, खैरो भद्राइ, मोटोठाँडे, ट्याकट्याकेलगायत पक्षी पनि बसाइँ सरेर आउने गरेको यहाँ देखिन्छ ।

“निञ्कुज क्षेत्रभित्रका तालक्षेत्र चराका लागि सुरक्षित भए पनि निकुञ्ज बाहिर रहेका ताल माछापालनका लागि ठेक्कामा दिने चलन बढ्दै गएकाले हिउँदे बसाइँका लागि आउने चरालाई आहारको कमी हुन थालेको छ”, उहाँले भन्नुभयो, “प्राकृतिक तालमा माछापालन गर्न थालेपछि चरालाई पटाका पड्काएर भगाउने, विषादी प्रयोग तथा गुलेली हानेर मार्ने कार्य हुन थालेको छ । मानव अतिक्रमणका कारण ताल सुक्न थालेपछि चरा जोगाउनका लागि निकै चुनौती थपिएको छ ।”



हेलम्बु गाउँपालिका वडा नम्बर १ अम्बाथानस्थित बाढीले क्षति गरेको मेलम्ची खानेपानीको निर्माणाधीन नौ नम्बर गेट । सरकारले माघ पहिलो साता यहाँको पानी काठमाडौं पुऱ्याउने लक्ष्य लिएको छ । *तस्बिर:देवराज सुवेदी/रासस*

# तिलासक्रायत पर्वको जोहोमा जुट्दै मैथिल

महोत्तरी, १८ पुस । दिनगन्तीले पर्व आउन अझै पुगनपुग दुई साता बाँकी छ । मधेसका प्राचीन मिथिला क्षेत्रका महोत्तरीसहितका जिल्लामा तिलासक्रायत (माघेसङ्क्रान्ति) पर्वको तयारीमा मैथिल (मिथिलाका बासिन्दा) जुटिसकेका छन् ।

अहिले घरघरमै तिल चुट्ने, निफन्ने र आफूलाई चाहिने राखेर बाँकी बजार लैजाने चटारो छ । त्यसैगरी चिउरा र मुरी (विशेष विधिले बनाइएको चामल भुटेर बनाइने भुजा) का लागि धान भिजाउने, चामल कुट्ने, निफन्ने चटारो घरघरै देखिन्छ । त्यसैगरी पर्वकै लागि उखु किसान उखु पेलेर मिठ्ठा (सख्खर) बनाउन तल्लीन देखिन्छन् । पर्वअघि मिठ्ठाले राम्रो भाउ पाउने किसानको आश छ ।

पर्व नजिकिएसँगै गरिब किसानको व्यस्तता झनै बढ्छ । पर्व विशेषमा आफ्ना उत्पादित फसलले राम्रो मूल्य पाउने आशमा गरिब किसानको व्यस्तता बढ्ने गरेको हो । यसपालि अब १०-११ दिनपछि आउने यो पर्वका लागि महोत्तरीका सबैजसो हटिया (साप्ताहिक बजार) पर्व विशेषका सामग्रीले जम्न थालेका देखिन्छन् ।

तिलासक्रायत पर्व यहाँका किसानका लागि नगद आर्जनको अवसर बन्ने गर्छ । पुसको ठिही (चिसो) खप्दै उखु पेलेर बनाइएको मिठ्ठा, पाखोबारीमा लगाइएको तिल, कन्दमूल (तरुल, सुठुनी, पिँडालु) र मासको दालले राम्रो मूल्य पाएपछि किसानलाई यो पर्व नगद आर्जनको अवसर बनेको हो ।

त्यसैगरी धान किनेर मुरी (भुजा) र चिउराको व्यापार गर्ने साना व्यापारी पनि आर्जन हुने आशामा छन् । तिलको बजार जमिसकेको छ भने सख्खर, चिउरा र मुरीलगायतको बजार एक-दुई दिनपछि जम्न थाल्ने भङ्गाहा-५ सीतापुर बजारका किराना पसले रामभगत साह बताउनुहुन्छ ।

पर्व नजिकिएसँगै थोरै जग्गामा उखु लगाएका किसान भ्याइनभ्याई गरेर मिठ्ठा बनाउन र बनेको सामग्री बजार पुऱ्याउन तल्लीन छन् । धेरैजसो बस्तीमा पर्वका लागि मिठ्ठा खोज्न व्यापारी र उपभोक्ता घरघरै आएपछि बजार पुग्नुपर्ने समय पनि बचत भएको र राम्रो मूल्य पाइएको किसानको भनाइ छ ।

भङ्गाहा-४ का किसान लखन कापर भन्नुहुन्छ, “पवनी (पर्व) आइपुग्यो, उखु पेल्न र तिल चुट्ने समय एउटै पऱ्यो, भ्याइनभ्याई छ ।” पर्वको मुखमा कामको मारामार परे पनि मिठ्ठा र तिल बेचेको पैसाले नगद खर्चको राम्रै जोहो हुने गरेको कापर बताउनुहुन्छ ।

यसैगरी कापरकै छिमेकी भजनसिंह दनुवार पनि पर्वअघि तरुल, पिँडालु र सुठुनी खन्ने तालिकामा हुनुहुन्छ । तरुल, पिँडालु र सुठुनी तिलासक्रायत पर्वको खास परिकार भएको हुँदा यी उत्पादनले राम्रो मूल्य दिने दनुवारको भनाइ छ । “एकाध धुर (२० धुरको एक कट्ठा)मा खमरुवा (तरुल), पिँडालु र अलुवा (सुठुनी) छ, आफ्नै टोल (घर वरिपरिका छिमेकी) ले मागेका छन्”, दनुवारले भन्नुभयो, “चाडवाडमा नगदकै कारोबार हुन्छ, राम्रै आर्जन होला ।” यी कन्दमूल केही दिनसम्म ताजै रहने हुनाले पर्वको तीन-चार दिनअघि खनिने दनुवार बताउनुहुन्छ ।

अहिले तीन-चार कट्ठामात्र जग्गा भएका गरिब किसानले पनि मिठ्ठा, तरुल, पिँडालु, सुठुनी र तील बेचेर रु. १०-२० हजार जोहो गर्ने योजना बनाएका छन् । आफ्नो पाँच कट्ठा पाखो बारी ( सिँचाइ नपुगेको) मै लगाइएको उखु, तिल, सुठुनी र तरुलबाट पोहोर रु. २० हजार आम्दानी भएको भङ्गाहा-४ कै किसान चन्देश्वर राय दनुवार बताउनुहुन्छ । यसपालि अझ बढी आम्दानी हुने चन्देश्वरको विश्वास छ । “अन्य कुरा मजदुरी र बरबटैया गरेर गुजारा टारिन्छ”, उहाँ भन्नुहुन्छ, “नगद खर्च भने आफ्नै बारीको कमाइबाट दुःखसुख चलाइन्छ ।”

तिलासक्रायत पर्वमा सख्खर मिसाएर बनाइएको तिल, चिउरा, मुरी ( विशेष प्रकारको चामलको भुजा) र जुनेला (अन्नविशेष)लाई (लड्डु), उसिनेको सुठुनी तथा तरुल एवं मासको दाल, अरवा चामल र घिउको खिचडी विशेष प्रकार मानिने मैथिल परम्परा छ । यसै परम्पराले अहिले महोत्तरीसहितका मिथिला क्षेत्रका बस्तीमा यी सामग्रीको जोहोमा सर्वसाधारण लाग्छन् ।

पर्वविशेषले जिल्लाका उत्तरीक्षेत्रका बर्दिबास, गौशाला, भङ्गाहा र औरही नगरपालिका क्षेत्रमा उखु, तिल, सुठुनी, पिँडालु तथा तरुललगायतका बाली बढी लगाइने गरेको छ । पर्वविशेषले आफ्ना उत्पादित बाली सजिलै घरघरै राम्रो मूल्य पाएर बिक्री हुने भएकाले अहिले खासगरी किसानका लागि नगद जोहोको अवसर बनेको हो ।

अहिले राम्रो तिल प्रतिकिलो रु. तीन सय ५० र मिठ्ठा रु. एक सय १० ले बिक्री हुँदैछ । त्यसैगरी अब एक सातापछि खनिने तरुल, सुठुनी र पिँडालुले पनि राम्रो भाउ पाउने किसानले आश गरेका छन् । तिलासक्रायत पर्व केही दिनमात्र बाँकी रहँदा यस क्षेत्रका घरघरमै अहिले यो पर्वको तयारीले रौनक बढेको छ ।

खासगरी यताका थारूको मुख्य पर्व नै तिलासक्रायत हुँदा थारू बस्ती पर्वको तयारीमा तल्लिन देखिन्छन् । तिलासक्रायत नजिकिएसँगै यहाँका बजारमा पनि पर्व विशेषका सामग्रीको बजार दिनदिनै जमेको छ । साप्ताहिक हटियामात्र नभएर अहिले बस्ती-बस्तीमै तिल, मिठ्ठा, चिउरा, मुरीका बजार जम्दैछन् । केही दिनपछि सुठुनी, पिँडालुको बजार जमाउने तयारीमा किसान जुटेका छन् ।

# तरकारी खेतीमा बालबन्दीहरू

जानकी (बाँके), १८ पुस । “तरकारी खेती गर्न थालेदेखि हामी यसैको मलजल र गोडमेलमा यति व्यस्त हुन्छौँ कि हामीलाई दिन बितेको पत्तै हुँदैन”, यो भनाइ हो- बाँकेको डुडुवा गाउँपालिका-६ असमानपुरस्थित जयेन्दु बाल सुधारगृहमा रहेका बाल बन्दीहरूको ।

पहिला उठ्नेबित्तिकै झुण्ड बनाएर गफिने उनीहरू यतिबेला बाल सुधारगृहमा खेर गइरहेको खाली जमिन खनजोत गरी तरकारी उमार्न व्यस्त देखिन्छन् । यसै वर्षदेखि हिउँदे खेती गर्न सुरु गरेका बाल बन्दीले सुधारगृहभित्रकै खाली जमिनको सदुपयोग गरेका हुन् ।

“पहिला बिहान उठ्यो, साथीहरूसँग गफियो, खाना खायो, दिनभरि सुत्यो फेरि साँझको खाना खायो अनि फेरि सुत्यो यसै गरेर समय बित्ने गर्थ्यो ।” एक बाल बन्दीले भने, “अहिले उठ्नेबित्तिकै सुधारगृह वरपर सरसफाइ गर्दै तरकारी बारीमा गोडमेल गरेर समय बित्ने गर्दछ ।”

“पहिला हामीलाई खेल्ने वातावरण थिएन तर अहिले हामीले बाजी लगाएर विभिन्न खेल खेल्ने गर्छौं ।” अर्का एक १६ वर्षका बाल बन्दीले भने, “हार्नेले जित्नेलाई मासु खुवाउँछन् । मासु खान पाइन्छ भनेर पनि खेलमा भाग लिन मन लाग्छ । कहिले जित्छु त कहिले हार्छु ।” पहिलाको तुलनामा हिजोआज यो सुधारगृह निकै शान्त र घरजस्तै सुरक्षित भएको उनको भनाइ थियो ।

उक्त सुधारगृहका चौकीदारले बाल बन्दीलाई बाँडफाँट गरी काम गर्न र विभिन्न प्रकाका खेलमा भाग लिन सहज होस् भन्ने उद्देश्यले बाल क्लब गठन गरिएको बताए । चौकीदार अनुसार यस गृहमा सगरमाथा, धवलागिरि, कञ्चनजङ्घा, माछापुच्छ्रे, गोदावरी, बागेश्वरी, असमानपुर, हिमीनियाँ, राप्ती र भेरी गरी दश बाल क्लब गठन गरिएको छ ।

एउटा बाल क्लबमा १७ देखि १८ जनासम्म बाल बन्दी छन् । क्लबमा आबद्ध बाल बन्दीले पालैपालो आफूले पाएको जिम्मेवारी पूरा गर्ने गरेको र बिहान ५:३० बजे सुधारगृहभित्रको सरसफाइ गर्छन् भने ९:३० बजेदेखि बाहिरी भागको सरसफाइ गर्छन् । क्लबको पालोअनुसार तरकारी र खेतबारीको पनि गोडमेल गर्ने गरेको उहाँको भनाइ थियो ।

बाल सुधारगृहकी प्रमुख बिमला काउचामगरका अनुसार बाल बन्दीले आलु, कोभी, प्याज, मुला, साग, केराउलगायत हिउँदे तरकारी लगाएर आफ्नो दैनिक कामलाई व्यस्त बनाएका छन् । उक्त तरकारी बारीमा पहिले फोहर गर्नाका साथै झाडी उम्रने गर्दथ्यो । उहाँले भन्नुभयो, “बाल बन्दीका लागि आयमूलक काम र सीपमूलक कुनै तालिमको व्यवस्था नभएको बेला उनीहरूले लगाएको तरकारी खेतीले सुधारगृहको सुन्दरता र सरसफाइमा मद्दत पुग्नुका साथै उनीहरूलाई पनि व्यस्त बनाएको छ ।”

गत असोज ४ गते बाल सुधारगृहमा भएको तोडफोड र आगजनीको घटनापछि १६ जनालाई कर्तव्य ज्यान मुद्दा चलाइएको थियो भने केहीलाई कारागार ऐनअन्तर्गतको अभियोगमा मुद्दा चलाइएको बाल सुधारगृहले जनाएको छ । उक्त घटनामा संलग्न केही बालकलाई बाल सुधारगृह नौवस्तामा सारिएपछि अहिले बाल सुधारगृह आसमानपुरमा रहेका बालक मिलेर बसेको इन्चार्ज काउचामगरले बताउनुभयो ।

उक्त गृहमा हाल दुई सय नौ जना कानुनी बिवादमा रहेका बालक रहेको पाइएको एडभोकेसी फोरमका लुम्बिनी प्रदेश संयोजक अधिवक्ता वसन्त गौतमले जानकारी दिनुभयो । तीमध्ये तीन भारतीय बालक छन् । उहाँका अनुसार १४ देखि १५ वर्षसम्मका २९, १६ देखि १८ वर्षका ८६, १८ वर्षमाथिका ९४ जना छन् । जसमध्ये पुर्पक्षका लागि रहेका एक सय २२ र फैसला भइसकेका ८७ बाल बन्दी उक्त सुधारगृहमा छन् ।

गत असोज ४ गते गरिएको तोडफोड र आगजनीको घटनामा झ्याल, ढोका फोडिएकाले चिसो हावा कोठामा छिरेर पुसको चिसोमा बसाइँको समस्या भएको, गाडी बिग्रिएकाले अदालत, स्वास्थ्योपचारका लागि अस्पताल जान पनि समस्या भएकाले समाधानका लागि सम्बन्धित निकायबाट सहयोग उपलब्ध गराउन माग गरिएको छ ।

क्षेत्रीय कारागार नौवस्तामा रहेको बाल सुधारगृहमा हाल एक सय २६ बालक छन् । उक्त स्थानमा हाल पर्साबाट १५, हेटौँडाबाट १८, रूपन्देहीबाट १४ र बाँकेको आसमानपुर बाल सुधारगृहबाट ७९ बालकलाई लगिएको छ ।

# मोटरसाइकलको ठक्करबाट प्रहरी जवानको मृत्यु

मनहरी (मकवानपुर), १८ पुस । मकवानपुरको हेटौँडामा मोटरसाइकलको ठक्करबाट प्रहरी जवानको मृत्यु भएको छ । तालिमका क्रममा दौडिरहेका बागमती प्रदेश प्रहरी गण हेटौँडामा कार्यरत तथा डडेलधुराको आलिताल-६ घर भएका २५ वर्षीय विनोद एडीको ज्यान गएको हो । उक्त घटनामा दुई प्रहरी घाइते भएका छन् ।

पूर्व-पश्चिम राजमार्गअन्तर्गत हेटौँडा-११ थानाभचाङमा बुधबार बिहान हेटौँडा बजारबाट नवलपुरतर्फ जाँदै गरेको ना ४३ प २२२ नं को मोटरसाइकलले ठक्कर दिँदा प्रहरी जवान एडी गम्भीर घाइते भएका थिए । उनको उपचारको क्रममा हेटौँडा अस्पतालमा ज्यान गएको मकवानपुरका प्रहरी प्रवक्ता एवं प्रहरी नायव निरीक्षक लक्ष्मी भण्डारीले जानकारी दिनुभयो ।

मोटरसाइकल सडकमा अनियन्त्रित भई पल्टिँदा चालक हेटौँडा-४ का ४१ वर्षीय लक्ष्मण लामा र सोही गणमा कार्यरत प्रहरी जवान नवराज सार्की र विजय खत्री घाइते भएका उहाँले बताउनुभयो । मोटरसाइकल चालक लामाको चितवनमा उपचार भइरहेको छ । प्रहरी जवानद्वय सार्की र खत्रीको हेटौँडा अस्पतालमा उपचारपछि घर पठाइएको प्रहरीले जनाएको छ ।

।सम्पादकीय।

# हामीले टाढा हेरौँ !

केही मानिसहरू 'श्रमिक' साप्ताहिक र 'मजदुर' दैनिकका साथीहरूसँग सोध्ने गर्छन्। आखिर तिमीहरू किन विदेशका कुरा बढी लेख्छौ र तिनीहरूको पक्षमा किन लेख्छौ ?

यी प्रश्न या जिज्ञासाले मानवीय भावनासँग सरोकार राख्छ। तिनीहरूलाई धन्यवाद !

संसार एउटै छ। हामी सबै आज विशाल सागरमा एउटै कमजोर डुङ्गामा छौँ। हिजो कोरोनाले हामी सबैलाई पीडित बनायो। भोलि तात्तिँदै गइरहेको पृथ्वीका मानिसहरूले एकै परिवारले जस्तै सबैले एउटै पीडा भोग्ने छौँ। गर्मीले गर्दा नयाँ नयाँ रोगले हामी पीडित हुनेछौँ। पृथ्वीको तापक्रमको वृद्धिले हाम्रो बालीनाली सुख्खा हुनेछ, डढेलोले सखाप पार्नेछ र हिमाल सुक्नेछ। नदीनालाहरू सुक्नेछन्, चारैतिर हाहाकार मच्चिनेछ !

यस्तो विश्वव्यापी हाहाकारमा एकले अर्को देशलाई मद्दत गर्न पनि सजिलो हुनेछैन। कोभिडको बेला जस्तै 'लकडाउन' वा 'बन्दाबन्दी' मा आपसमा जोगिनुपर्ने स्थिति निम्तिनेछ।

अन्न पानीको शरीर। त्यसैको निम्ति एक आपसमा लुटमार हुन बेर छैन। त्यसबेला गरिब-गरिबको बिचमा झगडा हुनेछैन। बरु गरिब र धनीको बिचमा ठुलो वैमनस्य हुनेछ, लडाइँ र झगडा हुनेछ।

त्यस सम्भावित परिस्थितिलाई नरम बनाउन मानिस र संसारका सबै जातजाति र भाषाभाषीहरू मानवीय भावनालाई जागृत गराउनु आवश्यक छ। विश्व मानवता र मानवीय प्रेम तथा सम्मानले साझा भविष्यको उज्यालोको कल्पनाले बाँडीचुँडी खाने विश्व संस्कृतिको समयमै विकास गराउनु जरुरी छ।

यस्तो अवस्थामा हामीले हामीभन्दा सम्पन्नहरूको हेर्ने र नक्कल गर्ने होइन, हामीभन्दा कमजोर मानिसहरू कसरी बाँचिरहेका छन् र कसरी तिनीहरूलाई सहयोग गरौँ भन्ने भावनालाई उत्साहित गर्दै जानुपर्नेछ।

त्यसकारण, 'श्रमिक' र 'मजदुर' नेपालका हाम्रा पाठक र जनतालाई विश्वव्यापी दृष्टिकोण अँगाल्ने संस्कृतिलाई विकास गराउन प्रयत्नरत छन्। अरुलाई पर्दा हामीले दिएको हातले उठ्न नसक्नेहरूलाई ठुलो साहस र उत्साह प्रदान गर्नेछ। भोलि हामीलाई पर्दा मित्रहरूले हाम्रो पक्षमा हात दिनेछन्, न्यानो माया दिनेछन्। यसकारण, 'श्रमिक' र 'मजदुर' लाई अझ प्रचारप्रसारमा लान प्रयासरत छौँ।

## हामी उठ्यौँ

२०१५-१६ सालमै हामीले बेलायती क्रान्ति र मजदुर आन्दोलनको पाठ पढ्यौँ; अमेरिकी स्वतन्त्रता आन्दोलन र मेको मजदुर आन्दोलनलाई अध्ययन गर्‍यौँ; फ्रान्सेली राज्यक्रान्तिलाई बुझ्यौँ र अनेक साम्यवादी र समाजवादी विचारसँग परिचित भयौँ। पेरिस कम्युनदेखि सन् १९१७ को रुसी अक्टोबर क्रान्तिबारे हामीले बुझ्न खोज्यौँ।

२०१७ सालको हाराहारीमा हामीले चिनियाँ क्रान्ति र कोरियाली युद्ध सन् १९५०-५३ को फोटो प्रदर्शनीहरूबाट साम्राज्यवादी देश, उपनिवेश र अर्धउपनिवेश देशहरूको पीडा र लाचारी बुझ्यौँ।

२०१७ साल र भूमिसुधारको समयमा किसानहरूको रात्रि कक्षा सुरु भयो। नेमकिपाका किसान कार्यकर्ताहरू खेतखेतमा गएर आ-आफ्नो जोताहा हकको निम्ति कार्यरत रहे। किसानको बाली जोगाउन साँढे धपाउने आन्दोलन, भर्पाई आन्दोलन र बचत कोषमा हुनसक्ने भ्रष्टाचारविरोधी कार्यमा सचेत गराइयो। सहकारी संस्थामा भएको भ्रष्टाचारविरोधी सङ्घर्षमा लाग्दा दुई/चार वर्ष किसान कार्यकर्ताहरूले दुःखकष्ट भोगे।

सुस्ता रक्षा आन्दोलनमा किसान जनता सहभागी भए। भारतीय विस्तारवादको दबाबमा भएको सरकारी दमन कार्यको विरोधमा सङ्घर्ष चालु रह्यो। त्यसपछि भियतनाम, कम्बोडिया र लाओसले अमेरिकी साम्राज्यवादविरुद्ध गरेको सङ्घर्षबाट जनताले राजनैतिक शिक्षा प्राप्त गरे।

सोभियत संशोधनवादको विरोधमा चिनियाँ कम्युनिस्ट पार्टीसहित संसारका क्रान्तिकारी मजदुर र कम्युनिस्ट दलहरूबिचको खुला सैद्धान्तिक सङ्घर्षबाट नेपालीहरू शिक्षित हुँदै गए। प्रतिक्रियावादी सङ्घ संस्थामा कामदारवर्गलाई पुँजीवादी प्रभावबाट जोगाउन निर्वाचनलाई उपयोग गर्दै निःस्वार्थरूपले जनताको सेवा गर्ने माओ त्सेतुङ विचारधारा र किसान आन्दोलनले जनताको सेवा गर्ने बाटोमा निरन्तरता पाउँदै गयो।

समय बलवान छ, सडक र धुलोमा लडेका किसानहरूले आफ्नो जीउमा धुलो टक्टक्याए, घाउमा पट्टी लगाए र पुनः उठेर अघि बढ्ने काम गरे। यस्ता सङ्घर्षले निरन्तरता पाउनेछ।


# उत्पीडितजनका आवाज

✍ केजे नोह

*अर्थव्यवस्थाबारे जोनले लेखे, "सरकारैपिच्छे (अमेरिका) को उद्देश्य झन्झन् हावादारी र क्रूर बन्दै छ। बिल क्लिन्टनको सरकारलाई सोझो तालले 'प्रगतिशील' भनिन्छ। वास्तवमा उनको सरकार रेगनको सरकारभन्दा कठोर थियो। क्लिन्टनले (क्यानडा, संरा अमेरिका र मेक्सिको सम्मिलित आर्थिक गुट) नेफ्टा बनाउने पापाचार गरे र विश्वभरि झन् बढी लासको थुप्रो लगाए। आजका मितिमा खतराको कुरा के भने संरा अमेरिकाले जानाजान अर्थतन्त्र टाट पल्टाउने अपराध गर्दै छ। उसले सर्वसाधारण जनताको लागि अर्थतन्त्र टाट पल्टाउँछ भने खुनचुसुवा 'प्रतिरक्षा' उद्योगहरूले फँडा उठाउन सक्ने निर्बाध माहोल बनाउँछ। यसले गर्दा सैन्यवादी मानसिकता, रक्तपात र आर्थिक कठिनाइ बढेर जान्छ।"*

न्यायको आकाशमा एक उज्ज्वल नक्षत्र निभ्यो। हाम्रो युगका एक महान् पत्रकारले संसार छोडे।

जोन पिल्जर सदा शोषित उत्पीडितको पक्षमा उभिए। उनले सदा साम्राज्यवाद एवम् युद्ध, जातिसंहार, लुटजस्ता साम्राज्यवादका सबैखाले हिंसात्मक कर्तुतहरूको निन्दा गरिरहे। साम्राज्यवादका अन्तहीन झूट तथा दुष्प्रचारलाई पिल्जरले सदा नङ्ग्याइरहे। अन्तिम समयसम्म पनि उनी जुलियन असान्जको रिहाइका लागि अथक सङ्घर्ष गर्दै थिए। आफ्नो जीवनकै अन्तिम लेखमा उनी असान्जको पक्षमा ऐक्यबद्धता जनाउन विश्वलाई आह्वान गर्दै थिए। *(हामी सबै स्पार्टाकस' शीर्षकको उनको अन्तिम लेख 'श्रमिक' साप्ताहिकमा प्रकाशित छ।)*



(जोन पिल्जर (सन् १९३९-२०२३)

जोन पिल्जरले पिँधमा परेका र निमुखा जनतालाई आवाज दिए। भोकानाङ्गा, दीनदुःखी, अपाङ्ग, जबरजस्ती भर्ती गरिएका, नाकाबन्दी र बमले थिलथिलो बनेका, सर्वस्व गुमाएका, शरणार्थी; रासायनिक परीक्षण, संरचनात्मक समायोजन, सत्ताविद्रोह, नियोजित भोकमरी आदिको सिकार बनेका; औपनिवेशिक दासतामा पिल्सिएका, जातिसंहारमा परेका, मुख थुनिएका, सबैलाई पिल्जरले वाणी दिए। साम्राज्यवाद र पुँजीको तर्कतुल्य अन्धकारमा उनले दियो बाल्दै हिँडे।

जोन पिल्जरले जातिवाद, युद्ध, निजीकरण, नवउपनिवेशवाद, नवउदारवाद, विश्वव्यापीकरण, साम्राज्यवादी प्रचारबाजी, विज्ञापनबाजी, आणविक शक्तिको उन्माद र विभिन्न देशका संरा अमेरिका प्रायोजित सत्ताविद्रोहलाई उदाङ्ग्याएर तिनको भर्त्सना गरे।

पिल्जरका वृत्तचित्र र लेखहरू साम्राज्यवादको अविराम अपराधका दसी हुन्।

पिल्जरको योगदानलाई 'सर्वोत्तम सम्मान' बेलायती टीभी प्राधिकरणले दियो। उसले पिल्जरलाई 'पश्चिमा सभ्यताका निम्ति खतरा' भन्यो।

जोन भविष्यवक्ता पनि साबित भए। सन् १९७० मा उनले भियतनाम युद्धमा सैनिकहरूको 'मौन विद्रोह' लाई दस्तावेजीकरण गरे। सन् १९७४ र सन् २००२ मा उनले 'प्यालेस्टिन अझै पनि एउटा मुद्दा हो' र "प्यालेस्टिनी भूमिको कब्जा तत्काल रोक्नुपर्छ" भने। उनले जापानी सैन्यवाद र दोस्रो विश्वयुद्धअघिको जापान ब्युँताउन तत्पर जापानी शासकहरूको आकाङ्क्षाबारे विश्वलाई सचेत पारे। सन् २०१४ मा उनले युक्रेन (अमेरिकी गुप्तचर निकाय) 'सीआइएको मैदान' हो र युक्रेनले 'नेटोद्वारा सञ्चालित छापामार युद्धको तयारी गरिरहेको र त्यो युद्धको बाछिटा रुसमा पनि पर्ने' उद्घोष गरे। सात वर्षअघि केही मान्छेले मात्र ध्यान दिएको, थोरैले मात्र केही वाक्य र लेखमा अभिव्यक्त गरेको विषयलाई वृत्तचित्रमा ढाले। चीनविरुद्ध युद्ध गर्न संरा अमेरिकाले विध्वंशक तयारी गरिरहेको जानकारी दिएर उनले सारा विश्वलाई चनाखो बनाए।

जोन पिल्जर सशक्त आलोचक, पत्रकार तथा संसार बदल्ने फिल्मकार मात्र थिएनन्। *(उनले निर्माण गरेको 'कम्बोडिया येअर जिरो' लाई २० औँ शताब्दीकै सर्वाधिक प्रभावशाली वृत्तचित्रमध्ये एक मानिन्छ।)* उनी शिल्पी, कवि र कलाकार पनि थिए। उनी भाषाको शक्ति जान्दथे। तर, शब्दको शक्तिलाई माध्यमले सीमित पार्छ भन्ने पनि उनलाई थाहा थियो। प्रत्येक शब्दको अर्थ उजिल्याउनु भनेको के हो, उनलाई थाहा थियो।

शेक्सपियरका पात्रहरूको जस्तो जोनको ओजिलो र गहकिलो प्रस्तुतिले मलाई सदैव छोइरह्यो। उनको प्रस्तुतिमा नैतिक दृढताको खोटरहित र भरपर्दो साहस हुन्थ्यो : एक यस्तो स्वर जसलाई थाहा छ, ऊ सत्य बोल्दै छ।

आउँदा दिनमा तपाईँले जोन पिल्जरबारे धेरै कुरा सुन्दै जानुहुनेछ। मूलधारे मिडियाले पहिल्यै लेखेर दराजमा थन्काइराखेका बासी शोकलेख (ओबिच्युअरी) हरू छाप्नेछन्। तर, पत्रकारिताको विषयमा जोनकै शब्दहरू बढी सुझबुझपूर्ण छन्। उनले लेखेका थिए, "जुनसुकै रूपमा भए पनि (पत्रकारिताको) उद्देश्य भरसक धेरैभन्दा धेरै तथ्य र सत्य खोजी निकाल्ने हुनुपर्छ। यसमा कुनै रहस्य छैन। काम गर्दै जाँदा निजी दृष्टिकोणहरू घुसाइहालिन्छ, त्यो हाम्रो मानव अधिकार हो। मेरो हकमा हामीलाई नियन्त्रण गर्न खोज्नेहरूप्रति, जवाफदेही नहुने सम्पूर्ण सत्तासीनहरूप्रति म सदा आलोचनात्मक रहेँ। मैले 'आधिकारिक सत्य' कहिल्यै स्वीकारिनँ किनभने यस्ता 'सत्य' अक्सर झूटा ठहरिएका छन्। पत्रकारिता भनेको सत्ताको नभई जनताको एजेन्ट हो र हुनुपर्छ। पत्रकारिता भनेको जमिन टेकेको विचार हो।"

फरक मतबारे जोनले लेखे, "असल पत्रकारिताको उद्देश्य जनताको हातमा सूचनाको शक्ति सुम्पिनु हो र हुनुपर्छ। यो शक्तिबेगर जनताले स्वतन्त्रतामाथि दाबी गर्न सक्दैनन्। कुरा पानीजस्तै साफ छ। निश्चित वृत्तचित्र वा समाचारक्रमको प्रभाव ढिलोचाँडो देख्न सकिन्छ। कम्बोडियासम्बन्धी मेरो पहिलो वृत्तचित्र हेरेर जनताले स्वेच्छाले मलाई ५ करोड डलर रकम दिए। म र मेरा सहकर्मीले त्यो रकमबाट कम्बोडियाका जनताको लागि औषधि, रासन र लुगाफाटो किन्यौँ। त्यो वृत्तचित्रकै कारण केही देशले आफ्नो नीति नै बदले। इस्ट टिमोरको विषयमा मैले लुकिछिपी बनाएको वृत्तचित्र सार्वजनिक भएपछि पनि यस्तै हेरफेर देखियो। के त्यो वृत्तचित्रका कारण इस्ट टिमोरको परिस्थिति फेरियो त ? फेरिएन। तर, त्यसबाट विश्वभरि छरिएका सचेत मानिसहरूले परिस्थिति फेर्नका लागि अथक मिहिनेत गर्न थाले। वृत्तचित्रको योगदान त्यही थियो।"

सामाजिक सञ्जालबारे जोनले लेखे, "विडम्बना ! (सामाजिक सञ्जालले) हामीलाई अलगअलग पार्न सक्छ है। हामीलाई स्मार्टफोनको भुलभुलैमा, टुक्रे सूचना र चुट्के टिप्पणीमा थुन्न सक्छ। लाग्छ, चिन्तनकर्म अझ बढी रसरङ्ग बन्दै छ।"

अमेरिकी विदेशनीतिबारे जोनले लेखे, "म 'संरा अमेरिकाको विदेशनीति' जस्तो सम्मानित पदावलीको कदापि प्रयोग गर्दिन। निःसन्देह 'विश्वका लागि अमेरिकी तानाबाना' सही पदावली हो। यी तानाबाना सन् १९४४ मा ब्रिटन वुड्स सम्मेलन यता जस्ताको तस्तै छन्; एकै रेखामा अघि बढिरहेका छन्। *(त्यस सम्मेलनले संरा अमेरिकालाई एक नम्बरको साम्राज्यवादी शक्ति नियुक्त गरेको थियो।)* अमेरिकी तानाबानाको रेखामा कहिलेकाहीं अवरोध पनि आए। जस्तो ऊ (भियतनाम) को साइगोनबाट फर्किनुपर्‍यो, उसलाई पछारेँ (निकारागुआ) मा सान्डानिस्टाहरू विजयी भए। तर अमेरिकी तानाबानामा कुनै हेरफेर आएन। तिनले मानव जातिलाई आफ्नो दबदबामा राख्ने यात्रा जारी राखे। केही बदलिएको छ भने शैली बदलिएको छ। आजभोलि ती तानाबानालाई 'जनसम्पर्क' को आधुनिक हतियारको आवरणमा लुकाइन्छ। *(जर्मनहरूले 'प्रचारप्रसार' वा प्रोपोगान्डा शब्दलाई कुरूप तुल्याएको हुनाले पहिलो विश्वयुद्धपछि मनोविद एडवर्ड बर्नेले 'जनसम्पर्क' शब्दलाई प्रयोगमा ल्याएका थिए।)"*

अर्थव्यवस्थाबारे जोनले लेखे, "सरकारैपिच्छे (अमेरिका) को उद्देश्य झन्झन् हावादारी र क्रूर बन्दै छ। बिल क्लिन्टनको सरकारलाई सोझो तालले 'प्रगतिशील' भनिन्छ। वास्तवमा उनको सरकार रेगनको सरकारभन्दा कठोर थियो। क्लिन्टनले (क्यानडा, संरा अमेरिका र मेक्सिको सम्मिलित आर्थिक गुट) नेफ्टा बनाउने पापाचार गरे र विश्वभरि झन् बढी लासको थुप्रो लगाए। आजका मितिमा खतराको कुरा के भने संरा अमेरिकाले जानाजान अर्थतन्त्र टाट पल्टाउने अपराध गर्दै छ। उसले सर्वसाधारण जनताको लागि अर्थतन्त्र टाट पल्टाउँछ भने खुनचुसुवा 'प्रतिरक्षा' उद्योगहरूले फँडा उठाउन सक्ने निर्बाध माहोल बनाउँछ। यसले गर्दा सैन्यवादी मानसिकता, रक्तपात र आर्थिक कठिनाइ बढेर जान्छ।"

शान्तिमार्गी आन्दोलनहरूबारे जोनले लेखे, "अफ्रिकाको कब्जाजस्तै चीनसँग भिड्ने चालु उन्माद यसको लक्षण हो। म आफ्नो जमानालाई उल्लेख्य मान्छु। मैले वासिङ्टनले आगो सल्काएको आणविक युद्धमा परेर चोइटाचोइटा हुनुपरेन। यसबाट म के बुझ्छु भने विश्वभरि हुने जनप्रतिकारहरूको अर्थ छ। गुन्डाहरू जनताको प्रतिकार देखेर थर्कमान हुन्छन्, तर्सिन्छन्। बौलाहा कुकुरजस्तै विकिलिक्सप्रति तिनीहरू खनिनुको कारण यही हो। तिनीहरू तर्सिएनन् नै भने पनि कम्तीमा तिनको मालिक केही समय अल्मिन्छ त पर्छ पर्छ। त्यही भएर शान्ति नै मानव जीवनको सामान्य धर्म हो भनी मान्ने हामी सबैजना लामो र कष्टकर यात्रामा छौँ। साँच्चै भन्ने हो भने यो यात्रामा खुट्टा कमाउनु विकल्प हुन सक्दैन।"

भविष्यबारे जोनले लेखे, "युद्धालु राज्य संरा अमेरिकाले मच्चाउने मारकाट झन्झन् बढ्दै छ। ऊ मारकाटपूर्ण पथमा हिँड्दै गर्दा हामी मौन बसिरह्यौँ भने मलाई विश्वास छ; हामी हाम्रा सन्तानलाई विरासतमा महाविपत्तिपूर्ण संसार छोडेर जानेछौँ; सबैका लागि गतिलो जीवनको झूटो सपना छोडेर जानेछौँ; अमेरिकी जर्नेल पेट्रियसले भनेजस्तो 'निरन्तर युद्ध' गर्ने राज्य छोडेर जानेछौँ। यो कुरा स्वीकार्ने कि लड्ने ?"

अलबिदा जोन पिल्जर !

*(केजे नोह एसियाली भूराजनीतिका अध्येता, अभियन्ता तथा विद्वान् हुन्। उनले राष्ट्रिय-अन्तर्राष्ट्रिय अखबारहरूमा लेख्दै आएका छन्।)*

**स्रोत : काउन्टरपन्च**

**अनुवाद : सम्यक**

# पहिलो भ्रमण

## असोज १०-२६, २०४८ (26 Sept. - 12 Oct., 1991)

# कोरिया पुन:एकीकरणको निम्ति अन्तर्राष्ट्रिय विशाल पदयात्रा - ५

✍ का. रोहित

### मोराङ बोङ माध्यमिक स्कूल

त्यसपछि हामी मोराङ बोङ माध्यमिक स्कूल नं. १ मा पुग्यौं । प्रधानाध्यापक र विद्यार्थीहरूले हाम्रो स्वागत गरे । शिक्षक र विद्यार्थीहरूबाट कोरियाली जनतासँग देखाइएको ऐक्यबद्धताबारे सम्झना भइरहने कुरा बताए ।

त्यस स्कूलमा ११ वर्षको उमेरदेखि १७ वर्षका १८०० छात्रछात्राहरू पढ्छन्, स्कूल समय ८ बजेदेखि १ बजेसम्म कक्षा सञ्चालन हुन्छ । ४५ मिनेटको कक्षा हुन्छ, १०:३० बजे रोटी र दूधको चमेना खुवाइन्छ र ३ बजेदेखि फेरि शारीरिक तालिम दिइन्छ ।

९० जना शिक्षकबाट ज्यामिति, विज्ञान, प्राकृतिक विज्ञान, आधार शिक्षा, मानविकी गरेर जम्मा २२ वटा विषय पढाइन्छ, एउटा कक्षामा सालाखाला ३० जना छात्रछात्रा हुन्छन्, पूर्णाङ्क १०० मा ६० अङ्क उत्तीर्णाङ्क प्राप्त गर्नै पर्छ ।

हामीले कक्षाहरू हेर्‍यौं, विज्ञान कक्षाहरू हेर्‍यौं, कम्प्युटर कक्षा हेर्‍यौं आदि । भवन र अन्य सहुलियत हेर्दा हाम्रो देशमा हामीले गर्नुपर्ने धेरै काम बाँकी भएको अनुभव मैले गरें । प्रजग कोरियामा शिक्षा अनिवार्य र नि:शुल्क छ ।

प्योङयाङ, मोराङ बोङ माध्यमिक स्कूल नं. १ बाट बिदा लिएर हामी 'जनताको सांस्कृतिक दरबार' तिर लाग्यौं ।

जनताको सांस्कृतिक दरबार साँच्चै हेर्नलायकको भव्य छ । ६०,००० वर्ग मिटर क्षेत्रफल भएको उक्त दरबार १९७४ को जनवरीमा निर्माण भएको, त्यस भवनमा ५०० कोठा र ५ वटा सभाकक्ष छन् । ती सभा भवनहरूमा १० भाषामा अनुवाद गर्न सकिने बन्दोबस्त छ भने ४ वटा राजकीय भोज दिने कक्ष, एक सानो सिनेमा कक्ष, दुई सम्मेलन गर्ने कोठा, दुईवटा हस्ताक्षर समारोह गर्ने कोठा, २० वटा अन्तर्वार्ता गर्ने बैठक गरी जम्मा ५०० वटा कोठा छन् ।



जुछे धरहरा (इनसेटमा ९५.५ मी. अग्लो संरा अमेरिकाको न्यूयोर्कस्थित 'स्वतन्त्रताको मूति'

कोरियाका सबैजसो भवन विशाल छन्, सबै सिंहमर्मरका र वर्णन गर्न नसकिने खालका छन् । एउटा कक्षमा का. किम इल सङको कृतिहरूको काल विभाजनको आधारमा प्रदर्शन गरिएको छ । त्यसअनुसार १७० देशमा ती कृतिहरूको प्रदर्शन र अध्ययन हुन्छन् वा प्रचार भएका छन् ।

ती सबै हेरिसकेपछि मैले आगन्तुक पुस्तिकामा लेखें, "जनताको सांस्कृतिक दरबारमा कोरियाली क्रान्ति, समाजवादको निर्माण र त्यसमा कामरेड किम इल सङको योगदानसम्बन्धी अनेक कृतिहरूलाई काल विभाजनको रूपमा प्रदर्शन गरिएको छ, त्यसले कोरियाको क्रान्तिकारी इतिहास र कामरेड किम इल सङको दृष्टिकोण बुझ्न सजिलो हुन्छ, यो राम्रो र प्रभावशाली काम भएको छ ।"

*- ८ अक्टोबर १९९१*

### छाङग्वाङ बालोद्यान


खाना खाइसकेपछि हामी छाङग्वाङ बालोद्यान हेर्न गयौं । १९८२ मा स्थापना भएको २३०० वर्गमिटरमा निर्मित त्यो बालोद्यान साँच्चै नेपालको कुनै दरबारभन्दा कम देखिन्न । ५०० केटाकेटीको निम्ति ठुलठुला ४ वटा भवन, पशुपक्षीका नमुना, झन्डै सानो चिडियाघर आदि सब हेरेर हामीले प्रश्न गर्‍यौं - 'के यो साऱ्है खर्चालु र अति भएन ?' उत्तर पायौं- "महान् नेता किम इल सङले भन्नुभएको छ- हाम्रा केटाकेटीहरू हाम्रा देशका राजा र रानीहरू हुन् । थप प्रश्न गरें - 'यसमा सायद ठुलाबडाका छोराछोरीमात्रै होलान् ।' उत्तर आयो- 'होइन, यस क्षेत्रका मजदुर, कर्मचारी आदि विभिन्न पेसाका मानिसहरूका छोराछोरीहरू हुन् ।

३-४ वर्षका केटाकेटी यसमा आउने र ६ वर्षमा यहाँबाट बिदा लिने, दिनमा सुताउने, पढाउने, खेलाउने काम हुन्छ, काम सिधेपछि आमाबाबुले आ-आफ्ना केटाकेटी लिन आउँछन् र एक एक हप्तासम्म यहीं राख्ने पनि बन्दोबस्त छ, दिउँसो गीत गाउन दिने, २-३ चोटि खाना खुवाउने आदि गतिविधिबारे त्यहाँका दिदीले वा शिक्षिकाले बताउँदै गइन् ।

एउटा ठुलो बैठकमा हामी प्रवेश गर्नासाथै कोरियाली भाषामा 'काका नमस्ते, नाचौं' भनेर हात समात्न केटाकेटी आइहाले । तिनीहरूमा अलिकति पनि डर, लाज र पराइपनको भावना देखिन । हात समातेर जानी नजानी हामी नाच्यौं, कस्तो आत्मीयता, कस्तो माया लाग्ने केटाकेटीहरू ! साँच्चै हरेक आमाबाबुमा वात्सल्यता जाग्नु स्वाभाविक हो ।

केटाकेटीको नाचगान र खेलहरू हेरिसकेपछि हामीले तिनीहरूको पोखरी हेर्‍यौं । अनि ठुलो हलमा प्रवेश गर्‍यौं र सांस्कृतिक कार्यक्रम सुरु भयो ।

एउटा बालोद्यानको हल हाम्रो देशको सबभन्दा ठुलो हलभन्दा कम भव्य छैन, मञ्चमा केटाकेटी उभिनासाथै माइक सर्रर माथि आउँछ,




बोलेर गइसकेपछि माइक आफैं तल झर्छ । कार्यक्रमको आवश्यकताअनुसार दृश्यहरू आफैं परिवर्तन हुने, बाजागाजामा केटाकेटीहरू सर्रर आफैं आउने र त्यस्तो स्टेज प्रविधि हाम्रो देशमा आइपुगेको छैन । केटाकेटीको कार्यक्रम हेरेर हामीहरू मन्त्रमुग्ध भयौं ।

कार्यक्रमपछि केटाकेटीहरूले हात समातेर सदा हृदयमा स्नेह उम्लने छाप दिएर हामीलाई बिदाइ गरे ।

### एक्रोबेटिक वा सर्कस

बालोद्यानबाट हामी कार्यक्रमअनुसार एक्रोबेटिक वा सर्कस हेर्न गयौं ।

डोरीबाट उफ्रने, डोरीमा झुल्ने, घुँयत्रो हानेर बत्ती निभाउने, सामान खसाल्ने, बाण हान्ने, घुँयत्रोले टुक्राउने, हिउँमा चिप्लेटी खेल्ने र नाच देखाउने आदि जीउ नै सिरिङ्ग-सिरिङ्ग गर्ने खेल वा सर्कस हेरियो ।

अनेक प्रकारका सामान देखाउने, लुकाउने, टुक्राउने र जोड्ने चटक र भालुको लडाइँ हेर्‍यौं ।

कोरिया यसरी एक्रोबेटिक र सर्कसमा पनि अरु देशभन्दा पछि छैन भन्ने थाहा पायौं । हामीले राम्रै मनोरञ्जन गर्‍यौं ।

### कोरियाली मजदुर पार्टीको महाविद्यालय (२३ असोज, ०४८/9 Oct., 1991)

बिहान ८ बजे हामी पार्टी स्कूल र कलेजको कार्यक्रममा गयौं । यस कलेजमा कार्यकर्ताहरूलाई पार्टीको इतिहास, दर्शन, राजनीति, सिद्धान्त र सङ्गठन शैलीबारे शिक्षा दिने गरिन्छ ।

कलेजका प्राध्यापकहरूसँगको छलफलबाट के थाहा पाइयो भने रुसी अक्टोबर क्रान्तिको प्रभावबाटै अर्थात् १९२० देखि नै कोरियामा कम्युनिस्ट पार्टी स्थापना गर्नेबारे सङ्घर्ष सुरु भयो । विधिवतरूपमा १९२५ मा कोरियाली कम्युनिस्ट पार्टी स्थापना भयो तर मार्क्सवाद र लेनिनवादलाई मान्ने भनिए पनि नेताहरू घमण्डी, जनतासँग सम्पर्क नभएका र गुटबन्दीले गर्दा १९२८ सम्ममा कम्युनिस्ट पार्टी नै विघटन गरियो ।

तर, कामरेड किम इल सङ पुरानो नक्कल नगरी युवाहरूको नयाँ ढङ्गको सङ्गठन थाल्नुपर्ने, पहिले सङ्गठनात्मक र विचारधारात्मक जग हाल्नुपर्ने कुरामा जोड दिनुहुन्थ्यो । जनतामा जरो हाल्ने, पार्टीका विचारधारामा एकता हुनुपर्ने, चीनको सीमामा पहिले प्रारम्भिक सङ्गठनबाट जापानविरोधी गुरिल्ला सेना तयार गरियो । १९३० देखि १९४५ सम्म जापानविरोधी सङ्घर्ष भयो । त्यसबेला कोरियामा कम्युनिस्ट पार्टी, नयाँ प्रजातान्त्रिक पार्टी, प्रजातान्त्रिक पार्टी र कोरियाली धार्मिक पार्टी थिए । १९४५ अक्टोबर १० को दिन का. किम इल सङको अथक प्रयासबाट मजदुर र किसानहरूको पार्टी कम्युनिस्ट र नयाँ प्रजातान्त्रिक पार्टी मिलेर कोरियाली मजदुर पार्टी स्थापना गरियो । जापानविरोधी सङ्घर्षमा झण्डै संयुक्त मोर्चा गरिएको थियो ।

त्यसबेला संयुक्त मोर्चाका विरोधी जमिनदार, ठुल-ठुला पुँजीपति र देशद्रोहीहरूमात्रै थिए । प्रजातान्त्रिक क्रान्तिको बेला तिनीहरूसँग सङ्घर्ष गरिएको थियो ।

धर्म र पुँजीपतिवर्गप्रति युरोपेली र कोरियाली कम्युनिस्टहरूको माझमा वैचारिक वा व्यवहारिक भिन्नता देखिन्थ्यो । १९१७ पछि रुसमा पुँजीपतिवर्गको विरोधमा पूरै सङ्घर्ष छेडिएको थियो भने चीनमा पुँजीपतिवर्गलाई अस्थायी मित्र भनिन्थ्यो र कोरियामा समाजवादी क्रान्तिमा पुँजीपतिवर्गलाई समेत साथ लिइएको थियो ।

प्रजग कोरियाको संविधानमा धार्मिक स्वतन्त्रतालाई ग्यारेन्टी दिइएको छ । तर, लडाइँको बेला संरा अमेरिकाले बुद्धविहार र मन्दिरहरूलाई बम हानेर ध्वस्त पार्‍यो । विज्ञान तथा शिक्षाको प्रचार हुँदै गएपछि ईश्वरप्रतिको आस्था घट्दै जान्छ । अर्कोतिर कोरियाली क्राइश्चेलीहरू कोरियाकै पक्षमा प्रार्थना गर्छन् र ईश्वरको ठाउँमा महान् नेता का. किम इल सङलाई राम्रो मान्छन् ।

पार्टी महाविद्यालयमा २६० छात्रछात्राहरू छन्, त्यसमध्ये १/३ (एकतिहाइ) छात्रा छन्, स्तरको हिसाबले ५२ जना जति विश्वविद्यालयस्तरका छन् । अध्ययनको शैली अन्य कलेजको भन्दा फरक पाएँ । ४ महिना अध्ययन गराइने र ६ महिना अध्ययनअनुसार काम गराउने वा व्यवहारमा लगाइने गरिन्छ ।

प्रश्नको उत्तरमा अधिकारीहरूले भने, "मजदुर पार्टीको स्थापनाको सुरुमा पार्टी सदस्यहरूमा किसानहरूको सङ्ख्या बढी थियो, अनि मजदुर र बुद्धिजीवीहरूको सङ्ख्या थियो ।"

सत्तामा रहेको पार्टी भएको हुनाले पार्टीलाई इस्पातजस्तै बलियो बनाइनुपर्दछ । एउटै विचार, एउटै मन र एउटै इच्छाले जुछे विचारलाई अँगाल्नुपर्छ, गलत विचार पस्न नदिने, एउटै केन्द्रमा एकीकृत हुने, गुटबन्दी गर्न नदिने, अनुशासनलाई आमाको अँगालोजस्तै माया गर्ने, पुरानो र नयाँ, साना र ठुला समान रहने प्रजातान्त्रिक केन्द्रीयता आदि कुरामा अध्ययन गराइने कुरा एक उत्तरमा उनले बताए ।

पार्टी सदस्यताको मापदण्ड के हो भन्ने मेरो प्रश्नको उत्तरमा भने- कडा छानबिन गरेरमात्रै पार्टी सदस्यता दिइन्छ, पार्टी सदस्यताको निम्ति ढोका बन्द गर्ने पनि होइन, जसलाई पायो उसलाई ल्याउने पनि होइन । पार्टीको ध्यान प्रशासनमा कर्मचारीतन्त्र आउन नदिने, आम जनताको माग र हितलाई प्राथमिकता दिने नीति निर्धारण गर्ने, स्वेच्छाले पार्टीमा आउन दिने र का. किम इल सङले भन्नुभएजस्तै 'सम्पूर्ण पार्टी जनतामा जाने' नीति पार्टीको छ, १ महिनामा १५ दिन जनताको माझमा काम गर्नुपर्छ, पार्टीका कार्यकर्ताहरूले हुकुम चलाउने होइन- सेवा गर्ने हो आदि कुरा प्राध्यापकहरूले बताए ।

क्रान्तिकारी अभिभारालाई पूरा गर्न पार्टीको चारैतिर कृषि श्रमिक सङ्घ, समाजवादी श्रमिक युवा सङ्घ, प्रजातान्त्रिक महिला सङ्घ कार्यरत छन् र मजदुर सङ्घको काम मजदुरहरूमा राजनैतिक शिक्षा दिने र पार्टी नीतिलाई अवगत गराउने हो र पार्टी कार्यकर्ताले २४ घण्टामा ८ घण्टा पढ्ने, ८ घण्टा काम गर्ने र ८ घण्टा आराम गर्ने नियम बनाइएको कुरा पनि उनले बताए । का. किम इल सङको निर्देशनअनुसार जनतालाई शिक्षित पार्न १० होइन १०० पटक पनि भेट्नुपर्दछ ।

एक प्रश्नको उत्तरमा भने- मन्त्रीहरूको तलब वा भत्ता २५० वन हुन्छ र २ प्रतिशत चन्दा पार्टी सदस्यहरूले दिनुपर्छ । पार्टी स्कूलमा के विषय पढाइन्छ भन्ने प्रश्नको उत्तरमा भने- पार्टी निर्माण, पार्टी इतिहास, दर्शनशास्त्र र जुछे विचार, राजनैतिक अर्थशास्त्र, उद्योग, कृषि, संस्कृति आदि विषय पढाइन्छ भने कम्प्युटर र विदेश विभागसम्बन्धी छुट्टै विषय पनि पढाइन्छ ।

अन्तमा, प्राध्यापकले भने- पितृभूमिको स्वतन्त्रताको लागि, जनता र सरकारको अगुवाइ गर्न, जनतासँग काम गर्न राज्य र पार्टीको निम्ति योग्य कार्यकर्ता तयार गर्नु नै यस पार्टी स्कूलको उद्देश्य हो ।

### जुछे धरहरा

पार्टी स्कूलबाट बिदा लिएर हामी जुछे धरहरा हेर्न गयौं । प्योङयाङको बिचमै तायडोङ नदीको किनारमा राष्ट्रपति किम इल सङको ७० औं जन्मोत्सवको दिन निर्माण भएको जुछे धरहरा १७० मिटर उँचो छ । यस धरहराको टुप्पोमा २० मिटर अग्लो एक चिराग छ । त्यस चिरागको अर्थ हो- जुछे विचारधारा । क्रान्ति र निर्माणको मुख्य शक्ति नै जन समुदाय हो भन्ने सार नै जुछे विचारधारा हो । मानिसको भाग्यको निर्माण मानिस आफैंले गर्छ, मानिस नै रचना र निर्माणको केन्द्र हो भन्ने विचार नै जुछे विचारधाराको सार हो ।

यस विचारधाराको निर्माता नै का. किम इल सङ हुनुभएको हुँदा उहाँको ७० औं जन्मोत्सवमा यसको निर्माण भएको हो र १५ अप्रिल १९८२ को दिन यसको शिलान्यास भएको थियो । यसको निर्माणमा ८० भन्दा बढी देशका राजनैतिक नेता, मैत्री सङ्घ र जुछे विचार अध्ययन गोष्ठीका नेताहरूबाट सिंहमर्मरका ढुङ्गाहरू उपहार पठाइएका थिए ।

त्यस धरहराको अगाडि पार्टीको झन्डाको रूपमा ३० मिटर उँचो हँसिया, घन र कलम लिएको तीन मूर्ति खडा छ । साथै चारैतिर ससाना फोहराबाहेक जुछे धरहराको दायाँ-बायाँ, टाढा-टाढाबाट समेत देखिने १५० मिटर उँचो फोहरा पनि निरन्तर बर्सिरहने गर्छ । कोरियाली जनताको क्रान्तिकारी भावना र दृढताको प्रतीक त्यो सुन्दर चिराग राति बलिरहेको धेरै टाढा-टाढाबाट देखिन्छ ।

त्यसबाहेक त्यहाँ 'राम्रो बाली', 'अमरताको भूमि', 'विद्याको भूमि', 'असङ्ख्य किल्ला', 'जुछे कला' भन्ने जस्ता शीर्षकका राम्रा राम्रा मूर्तिहरू पनि कुडिएका छन् । जुछे धरहरा घुम्न लायकको रमणीय स्थलमध्ये हो ।




**कामरेड किम जोङ उन कृषि यन्त्र प्रदर्शनीको भ्रमणमा :**
कोरियाली श्रमिक पार्टीका महासचिव तथा प्रजातान्त्रिक जनवादी गणतन्त्र कोरियाको राज्य मामिलाका अध्यक्ष किम जोङ उनले जनवरी २ का दिन प्योङयाङमा चलिरहेको कृषि यन्त्र प्रदर्शनीको भ्रमणको क्रममा कृषि वैज्ञानिकहरूसित जानकारी लिनुहुँदै । प्योङयाङको श्री रिभोल्युसन एक्जिबिसन हाउसमा 'डेभलपमेन्ट अफ फार्म मेसिन उद्योग-२०२३' नामक कृषि यन्त्रहरूको प्रदर्शनी भइरहेको छ । *तस्बिर : केसीएनए*

# जापानमा भूकम्पमा परी मृत्यु हुनेको सङ्ख्या ६४ पुग्यो

टोकियो, ३ जनवरी (सिन्ह्वा) । जापानको इशिकावा प्रान्तमा बुधबार गएको भूकम्पमा तथा पराकम्पनका कारण मृत्यु हुनेको सङ्ख्या ६४ पुगेको छ ।

सोमबार गएको ७.६ म्याग्निच्युडको भूकम्पले इशिकावाको वाजीमा सहरमा व्यापक संरचनात्मक क्षति तथा आगलागी भएको छ । बुधबारसम्म पनि भग्नावशेष र भत्किएका सडकहरूले खोजी र उद्धार कार्यमा असहजता भएकाले हालसम्मको पूर्ण जानकारी आउन सकेको छैन ।

भूकम्प प्रभावित क्षेत्र नोटो प्राय:द्वीपमा बुधबार बिहान ५.४ र मङ्गलबार साँझ पनि ४.६ म्याग्निच्युडका दुई ठूला पराकम्पन गएका छन् । जापान मौसम विज्ञान एजेन्सी (जेएमए) का अनुसार भूकम्पीय तीव्रता स्केल ७ रहेको र जमिनमा उभिन कठिन भएको थियो ।



स्थानीय सञ्चारमाध्यममा आएका विवरणअनुसार इशिकावाका अधिकारीहरूले सरकारलाई विपद् तथा राहतको लागि 'सेल्फ डिफेन्स फोर्स' का कर्मचारीहरू पठाउन आग्रह गरेका छन् । भूकम्पका कारण स्थल यातायातको पहुँच टुटेका क्षेत्रहरूमा आपूर्तिहरू पुऱ्याउन हेलिकप्टर प्रयोग गर्ने तयारी गरेको सशस्त्र बलहरूले जनाएका छन् ।

क्षतिको रिपोर्टसँगै प्रभावित क्षेत्रमा मानिसहरू भत्किएका घरहरूमा फसेको तथा उद्धारको पर्खाइमा रहेको धेरै घटनाहरू आइरहेको नगरपालिका अधिकारीहरूले जनाएका छन् ।

जेएमएले भूकम्पपछि जापानी समुद्रमा राखिएका सुनामीसम्बन्धी सूचनाहरू हटाएको छ । यद्यपि मौसम अधिकारीहरूले अर्को दुई तीन दिनसम्म शक्तिशाली पराकम्पनहरू आउन सक्ने चेतावनी दिएका छन् ।

## विश्व सङ्क्षेप

# एडीबी र माल्दिभ्सबिच पाँच करोड पचास लाख अमेरिकी डलरको सम्झौतामा हस्ताक्षर

मनिला, ३ जनवरी (एएफपी) । एसियाली विकास बैङ्क (एडिबी) र माल्दिभ्सबिच माल्दिभ्समा नवीकरणीय ऊर्जा उत्पादन र वितरण विस्तारका लागि पाँच करोड पाँच लाख अमेरिकी डलरसम्मको ऋण तथा अनुदान सम्झौतामा हस्ताक्षर भएको छ ।

सम्झौतापछि माल्दिभ्सका लागि एडीबीका उपमहानिर्देशक सिन्डी माल्भिसिनीले भन्नुभयो, "यो परियोजना माल्दिभ्सको ऊर्जा सुरक्षा बढाउन र ऊर्जा क्षेत्रको दिगो रूपान्तरणलाई सहज तुल्याउन तयार गरिएको कार्यक्रम हो ।"

माल्दिभ्सका अर्थमन्त्री मोहम्मद शफीकले भन्नुभयो, "विशेषगरी ऊर्जा, यातायात, पानी र सहरी पूर्वाधार र सार्वजनिक क्षेत्रको व्यवस्थापनको क्षेत्रमा बैङ्क माल्दिभ्समा 'महत्त्वपूर्ण विकास साझेदार' रहेको छ ।"

शफीकले भन्नुभयो, "नवीकरणीय ऊर्जा क्षेत्रको विस्तार गर्ने हाम्रो यात्राप्रति बैङ्क र अन्य साझेदारको प्रतिबद्धता देखेर म पनि हर्षित छु ।"

कार्यक्रमअन्तर्गत समुद्रमा आधारित फ्लोटिङ सोलार प्यानल, सामुद्रिक ऊर्जा उपकरण, साना एअर टर्बाइन र फ्लो ब्याट्रीजस्ता उदीयमान प्रविधिहरू स्थापना गरिने एडीबीले जनाएको छ ।

एडिबीको सहयोगमा एसियाली विकास कोषबाट चार करोड १५ लाख डलर, साधारण पुँजीगत स्रोतबाट ८५ लाख डलर सहुलियतपूर्ण ऋण र जलवायु परिवर्तन कोषबाट पाँच लाख डलर अनुदान रहेको बैङ्कले जनाएको छ ।

# बङ्गलादेशमा ६ महिनामा ११ अर्ब डलर विप्रेषण भित्रियो

ढाका, ३ जनवरी (सिन्ह्वा) । विदेशमा बसेर काम गर्ने बङ्गलादेशी नागरिकहरूले चालु आर्थिक वर्षको पहिलो ६ महिनामै करिब ११ अर्ब अमेरिकी डलर विप्रेषण पठाएका छन् । चालु वर्षमा गैर-आवासीय बङ्गलादेशी नागरिकबाट आउने विप्रेषणको प्रवाह २.९ प्रतिशतले बढेर १०.७९ अर्ब पुगेको मङ्गलबार बताउनुभएको छ । उहाँका अनुसार डिसेम्बरमा मात्र एक अर्ब ९९ करोड डलर विप्रेषण रेकर्ड भएको छ । जुन अघिल्लो वर्षको तुलनामा १७ प्रतिशतले बढी हो । गत आर्थिक वर्षमा एक सयभन्दा बढी देशहरूबाट करिब एक करोड बङ्गलादेशी नागरिकहरूले २१ अर्ब ६१ करोड डलर विप्रेषण पठाएका थिए ।

बङ्गलादेशका लागि विदेशी मुद्राको प्रमुख स्रोत रेमिट्यान्स हो जहाँ अधिकांश विप्रेषण खाडी देशबाट आउने गर्छ ।

# पोल्यान्डद्वारा युक्रेनलाई लामो दूरीका मिसाइलहरू उपलब्ध गराउन आग्रह

वार्सा, ३ जनवरी (एएफपी) । पोल्यान्डका विदेशमन्त्रीले बुधबार सहयोगी राष्ट्रसमक्ष युक्रेनको लागि लामो दूरीका क्षेप्यास्त्रहरू उपलब्ध गराउन आह्वान गर्नुभएको छ । कीएभका प्रक्षेपण क्षेत्र तथा नेतृत्व केन्द्रहरू लक्षित गरी रूसले गरिरहेको आक्रमणबाट बच्न मद्दत गर्न यस्तो आह्वान गरेको जनाइएको छ ।

युक्रेनी राजधानी कीभ र उत्तरपूर्वी सहर खार्किभमा मङ्गलबार गरिएको घातक क्षेप्यास्त्र आक्रमणका कारण पाँच जनाको मृत्यु हुनुका साथै दर्जनौं सर्वसाधारण घाइते भएका छन् ।

बुधबार, पोल्यान्डका शीर्ष कूटनीतिज्ञ राडोस्लाव सिकोर्स्कीले सामाजिक सञ्जालमार्फत् पुटिनले बुझ्ने भाषामा जवाफ दिनुपर्ने बताउनुभएको छ ।

आफ्ना तथा युक्रेनका सहयोगीहरूलाई युक्रेनलाई लामो दूरीका क्षेप्यास्त्रहरू प्रदान गर्न आग्रह गर्दै यसले प्रक्षेपण क्षेत्र तथा सैन्य केन्द्रहरू हटाउन सक्षम बनाउने उहाँले विश्वास व्यक्त गर्नुभयो ।

पोल्यान्ड युक्रेनको कट्टर सहयोगी हो र नयाँ प्रशासनले आफ्नो छिमेकी मुलुकका लागि राजनीतिक समर्थन दोब्बर बनाएको छ ।

# दक्षिण कोरियाली विपक्षी नेतामाथि छुरा प्रहार गरी हत्याको असफल प्रयास

सियोल, ३ जनवरी (एएफपी) । दक्षिण कोरियाली विपक्षी नेता ली जे-म्युङको घाँटीमा छुरा प्रहार गरी हत्या गर्ने प्रयास गरिएको पार्टीका एक सांसदले बुधबार बताउनुभएको छ ।

दक्षिणी बुसान सहरमा मङ्गलबार पत्रकारहरूले लीसँग समसामयिक विषयमा प्रश्न गरिरहेका समय समर्थकको भेषमा आएका एक व्यक्तिले भीडलाई धकेलेर उनको घाँटीको बायाँपट्टि चक्कुले आक्रमण गरेका थिए ।

प्रत्यक्षदर्शीले स्थानीय प्रसारक वाईटीएनलाई बताएअनुसार ५९ वर्षीय नेता पत्रकारसँग कुरा गरी आफ्नो कारमा जाँदै गर्दा आक्रमणकारीले उहाँको अटोग्राफ मागेका थिए ।

टाउकोबाट शरिरमा फर्किने रगत नली (जुगुलर भेन) चोट लागेका लीलाई सुरुमा बुसानको अस्पतालमा लगिएको थियो भने पछि राजधानी सियोल लगिएको छ । दुई घण्टा लामो शल्यक्रियापछि अहिले उहाँको सघन उपचार कक्षमा उपचार भइरहेको छ ।

डेमोक्र्याटिक पार्टीका सांसद जङ चङ-रेले बुधबार पार्टीको बैठकमा भन्नुभयो, "बुसानका स्वास्थ्यकर्मीले आक्रमणकारीको चक्कुले लीको मस्तिस्कमा जाने नशा (क्यारोटिड आर्टिलरी) मा लाग्नबाट जोगिएको र उहाँलाई अस्पतालसम्म पुऱ्याउन सकिएको हो । क्यारोटिड आर्टिलरीमा लागेको भए उहाँको तत्काल घटनास्थलमै मृत्यु हुन सक्ने थियो ।"

"ली अहिले सघन उपचार कक्षमा उपचाररत हुनुहुन्छ तर अवस्था यति गम्भीर छ कि उहाँ पूर्व अवस्थामा पुग्न निकै कठिन छ," उहाँले भन्नुभयो ।

डेमोक्र्याटिक पार्टीका सदस्य तथा चिकित्सक काङ चियोङ हीले लीलाई 'गम्भीर चोट' लागेको बताउनुभएको छ ।

योनहाप समाचार संस्थाका अनुसार प्रहरीले किम थर भएका ६६ वर्षीय संदिग्धको पक्राउका लागि पुर्जी जारी गरेको छ ।

योनहापका अनुसार जिल्ला अदालतले अनुसन्धानको क्रममा संदिग्धको घर र कार्यालयमा खानतलासी गर्न पक्राउ पुर्जी जारी गरेको छ र प्रहरीले आक्रमणको वास्तविक उद्देश्य पत्ता लगाउन ध्यान केन्द्रित गर्नेछ । योनहापका अनुसार आक्रमणकारीले प्रहरीसँग उनको उद्देश्य लीको हत्या गर्नु रहेको बताएका छन् ।

सांसद जङले भन्नुभयो, "आक्रमणकारीले आफूले लीको हत्या गर्न खोजेको कुरा स्वीकारेको छन् ।"

दक्षिण कोरियाली टेलिभिजन स्टेसनमा प्रसारित फुटेजमा प्रहरीले ली समर्थक नारा प्रदर्शन गर्ने संदिग्ध भुइँमा लडिरहेको देखिएको छ ।

योनहापका अनुसार संदिग्ध किम सियोलबाट करिब ११५ किलोमिटर दक्षिणमा रहेको दक्षिण चुङछियोङ प्रान्तमा रियल स्टेट एजेन्टका रूपमा काम गर्दै आएका थिए ।

# हुथी विद्रोहीद्वारा अमेरिकी कार्गो जहाजमा आक्रमण

दुबई, ३ जनवरी (एएफपी) । यमनको इरान समर्थित हुथी विद्रोहीले लालसागर रणनीतिक बाब अल-मन्डेब क्षेत्र नजिकै यात्रा गरिरहेका व्यापारिक जहाजलाई लक्षित गरी मङ्गलबार राति दुईवटा क्षेप्यास्त्र प्रहार गरेको बेलायती सामुद्रिक सुरक्षा निकाय (यूकेएमटीओ) लाई उद्धृत गरी अमेरिकी सेनाले जनाएको छ ।

संयुक्त अधिराज्यको समुद्री व्यापार सञ्चालनले सुरुमा इरिट्रिया र यमनको तटको बिचमा यात्रा गरिरहेको कार्गो जहाज नजिकै विस्फोट भएको बताएको थियो ।

बेलायतको रोयल नेभीद्वारा सञ्चालित यूकेएमटीओले एक सङ्क्षिप्त सन्देशमा लेखेको छ, "क्याप्टेनले जहाजमा कुनै क्षति नभएको र चालक दलका सदस्य अहिले सुरक्षित रहेको जानकारी दिएका छन् ।"

अमेरिकी सेन्ट्रल कमान्डले हुथी विद्रोहीले दक्षिणी लालसागरमा दुई वटा ब्यालेस्टिक क्षेप्यास्त्र प्रहार गरेको बताएको छ ।

"यी अवैध कार्यले दर्जनौं निर्दोष नाविकको जीवनलाई खतरामा पारेको छ र अन्तर्राष्ट्रिय व्यापारको स्वतन्त्र प्रवाह अवरोधलाई जारी राखेको छ," सेन्टकमले एक्स (ट्वीटर) मा नोभेम्बर १९ पछि यस क्षेत्रमा कार्गो जहाजमा गरेको यो २४ औं आक्रमण हो ।

संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्ले अन्तर्राष्ट्रिय शान्ति र सुरक्षा कायम गर्ने विषयमा बुधबार बैठक आयोजना गर्ने भएको छ, जसमा फ्रान्सेली कूटनीतिज्ञहरूले लाल सागरमा हुथी आक्रमणको मुद्दालाई सम्बोधन गर्ने बताएका छन् ।

हालैका हप्तामा हुथी विद्रोहीहरूले लाल सागर र यसलाई एडेनको खाडीसँग जोड्ने बाब अल-मान्डेब स्ट्रेटमा रोकिने व्यापारिक जहाजलाई लक्षित गरी ड्रोन र क्षेप्यास्त्र आक्रमण गरेका छन् ।

इजरायलले हमास लडाकूसँग लडिरहेको गाजामा प्यालेस्टिनीप्रति ऐक्यबद्धता जनाउन उनीहरूले आक्रमण गरेको बताएका छन् ।

यमनको राजधानी साना र रेड सीको यमनी क्षेत्रको अधिकांश तटीय क्षेत्र नियन्त्रण गर्ने हुथी विद्रोहीले इजरायलसँग सम्बन्ध भएका लाल सागर मा यात्रा गरिरहेका जहाजलाई निशाना बनाउने चेतावनी दिएका छन् । उक्त क्षेत्रमा गस्ती गरिरहेका अमेरिकी, फ्रान्सेली र बेलायती युद्धपोतले कैयौं क्षेप्यास्त्र र ड्रोन खसालेका छन् ।

पेन्टागनका अनुसार हुथी विद्रोहीले एक दर्जन व्यापारिक जहाजलाई लक्षित गरी दर्जनौं ड्रोन र क्षेप्यास्त्र आक्रमण गरेका छन् । लाल सागरको आक्रमणले विश्वव्यापी व्यापारको १२ प्रतिशतसम्म ओगट्ने पारवहन मार्गलाई खतरामा पार्ने बताइएको छ ।

# इजरायली फासीवादको सर्वत्र विरोध

● बी. आर.

नेपाल मजदुर किसान पार्टीका जनवर्गीय सङ्गठनहरू नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ, नेपाल क्रान्तिकारी युवा सङ्घ र नेपाल क्रान्तिकारी महिला सङ्घले इजरायली फासीवाद, बर्बरता र जातीय सफायाको विरोधमा देशका विभिन्न जिल्ला, गाउँ र सहरमा विरोध जुलुस र सभा गरे। उक्त जुलुस र सभामा जनवर्गीय सङ्गठनहरूले प्यालेस्टिनी नरसंहारबारे जनतालाई दीक्षित गर्न अपिल पनि वितरण गरेका थिए।

प्यालेस्टिनी जनताले आफ्नो स्वतन्त्र प्यालेस्टिनी भूमि, देश र राज्यको लागि सयौँदेखि इजरायली यहुदी शासकहरू, बेलायती र अमेरिकी साम्राज्यवादसँग लड्दै आएका थिए। हिटलरले जर्मनीबाट लखेटेर ज्यान जोगाउन भागेर आएका यहुदी शासकहरूले आज प्यालेस्टिनी जनतालाई आफ्नो देश प्यालेस्टिनबाट जबरजस्ती निकाल्दै छन्; प्यालेस्टिनीहरूको हत्या र नरसंहार गर्दै छन्। १ सय वर्षअगाडि ६/७ प्रतिशतमात्र भएका यहुदीहरू आज ३०/४० प्रतिशतभन्दा बढी भइसकेका छन्। सन् १९४७ मा थोरैमात्र प्यालेस्टिनी भूमि ओगटेर बसेका यहुदीहरूले गाजा र पश्चिम किनारको थोरै भूमिबाहेक सबै प्यालेस्टिनी भूमि ओगटेर बसेका छन्। उनीहरूले प्यालेस्टिनी जनतालाई बलपूर्वक देश निकाला गरेका छन्। प्यालेस्टिनी युरोपलगायत विभिन्न देशमा शरणार्थी जीवन बिताउन बाध्य भएका छन्। इजरायली सरकारले प्यालेस्टिनी भूमिको नाम निसाना नै सिध्याउने दुष्प्रयास गर्दै छ। गत असोज ५ गते इजरायली प्रधानमन्त्री नेतन्याहुले संयुक्त राष्ट्र सङ्घको महासभामा मध्यपूर्वको नयाँ नक्सा देखाएका थिए। त्यसमा प्यालेस्टिनको नक्सा नै थिएन। प्यालेस्टिनको लडाकु सङ्गठन हमासले असोज २० गते त्यसको जवाफ प्रत्याक्रमण गरेर दियो। त्यसैको निहुँमा उनीहरूले २१ हजार प्यालेस्टिनी जनताको बम वर्षा गरेर हत्या गरिसकेका छन्; अस्पताल, विद्यालय, आवासगृहहरू ध्वस्त पारिसकेका छन्। उनीहरू प्यालेस्टिनीहरूको जातीय सफाया गर्न अगाडि बढिरहेका छन्। प्यालेस्टिनी जनताको नरसंहार गर्दा पनि, अस्पताल, विद्यालय, भवनहरूमा बम वर्षा गरेर ध्वस्त गर्दा पनि नेपाली शासक किन देख्दैनन् ? किन बोल्दैनन् ? उनीहरू किन बुँख्याचाजस्तै बसेका हुन् ? नेपाली जनताले प्रश्न गरिरहेका छन्।

प्यालेस्टिनी जनताको नरसंहार र जातीय सफायाको कारक अमेरिकी साम्राज्यवाद हो। यो कुरा विश्वका जनताले थाहा पाइसकेका छन्। त्यसैले यसको विरोध विश्वभरबाट भइरहेको छ। संसारका अधिकांश देशका सहरहरूमा त्यहाँका जनताले विरोध, सभा, जुलुस र्‍याली प्रदर्शन गरी पीडित प्यालेस्टिनी जनताको पक्षमा साथ र समर्थन दिइरहेका छन्। इजरायली शासकहरूले मच्चाइरहेको प्यालेस्टिनी नरसंहार रोक्न संयुक्त राष्ट्रसङ्घको महासभामा विश्वका १९३ वटा सदस्य देशहरूमध्ये १२० सदस्य देशहरूले गाजापट्टीमा मानवीय सहायता पुऱ्याउने र नागरिकहरूको सुरक्षा गर्ने युद्धविरामको प्रस्ताव पारित गर्न भएको मतदानमा १९३ मध्ये १५३ देशहरूले समर्थन दिएका थिए। यसरी अमेरिका र इजरायल विश्वबाट एक्लिँदै गएका छन् भने प्यालेस्टिनी जनताको पक्षमा साथ र समर्थन दिने देश र जनता विश्वमा बढ्दै छन्। विश्वका जनताको नजरमा उनीहरू राक्षस र दानवजस्ता भएका छन्। उनीहरू हिटलर, मुसोलिनीहरूका नयाँ संस्करणको रूपमा देखिन थालेका छन्। यसरी नै विश्वमा देश र जनताको साथ, समर्थन सहयोग बढ्दै जाने हो भने उनीहरूले हिटलरको जस्तो नियति भोगन नपर्ला भन्न सकिँदैन।

> **साम्राज्यवादी देश र त्यसका कठपुतली देशहरूले प्यालेस्टिनी जनता र लडाकु हमासले इजरायली शासकहरूलाई दिएको प्रत्याक्रमणलाई आतङ्कवादी हमला भनेर ओठमुख सुक्ने गरी चिच्याए पनि विश्वका न्याय र स्वतन्त्रता चाहने जनताले स्वाभाविक र गौरवपूर्ण कदमको रूपमा लिएका छन्। यो कदम देशभक्त, न्याय र स्वतन्त्रता चाहने जनताको लागि स्वाभाविक मानिन्छ। होइन भने जोसुकैले अन्याय, अत्याचार गरे पनि, हस्तक्षेप, आक्रमण, बम वर्षा गरे पनि, अमानवीय नाकाबन्दी गरे पनि टुलुटुलु हेरेर बस्ने बुँख्याचाजस्तो, जिउँदो लासजस्तो हुने। आज नेपालका शासक दल, त्यसका नेताहरूलाई त्यही रूपमा देशभक्त नेपाली जनताले हेरिरहेका छन्।**

साम्राज्यवादी देश र त्यसका कठपुतली देशहरूले प्यालेस्टिनी जनता र लडाकु हमासले इजरायली शासकहरूलाई दिएको प्रत्याक्रमणलाई आतङ्कवादी हमला भनेर ओठमुख सुक्ने गरी चिच्याए पनि विश्वका न्याय र स्वतन्त्रता चाहने जनताले स्वाभाविक र गौरवपूर्ण कदमको रूपमा लिएका छन्। यो कदम देशभक्त, न्याय र स्वतन्त्रता चाहने जनताको लागि स्वाभाविक मानिन्छ। होइन भने जोसुकैले अन्याय, अत्याचार गरे पनि, हस्तक्षेप, आक्रमण, बम वर्षा गरे पनि, अमानवीय नाकाबन्दी गरे पनि टुलुटुलु हेरेर बस्ने बुँख्याचाजस्तो, जिउँदो लासजस्तो हुने। आज नेपालका शासक दल, त्यसका नेताहरूलाई त्यही रूपमा देशभक्त नेपाली जनताले हेरिरहेका छन्।

पहिलो विश्वयुद्ध (सन् १९१४-१८) को उत्तरार्द्धमा बेलायतले प्यालेस्टिनी क्षेत्रमा युरोपका यहुदीहरूलाई बसोबास गरायो। सन् १९४७ सम्ममा प्यालेस्टिनको लगभग एकतिहाइ जनता यहुदी थिए भने उनीहरूले ओगटेको भूमि ६ प्रतिशतमात्रै थियो। बेलायती उपनिवेशकालमा राष्ट्रसङ्घलाई अघि सारेर अमेरिका र बेलायतले सन् १९४७ नोभेम्बर २९ मा यहुदी र अरब राष्ट्रमा विभाजन गराए। प्यालेस्टिनको ५६.४७ प्रतिशत भूभागमा यहुदी राज्य स्थापना गरे भने ४४.५३ प्रतिशत भूभाग प्यालेस्टिनलाई छुट्याए। यो अन्याय र हस्तक्षेपलाई प्यालेस्टिनी जनताले ठाडै अस्वीकार गरे। बेलायती साम्राज्यवादले सन् १९४८ जून ४ मा राष्ट्रसङ्घलाई दबाब दिएर यहुदीहरूको अलग इजरायल देशलाई मान्यता दियो। बेलायती र अमेरिकी साम्राज्यवादको सहयोग पाएको इजरायलले लाखौँ प्यालेस्टिनीहरूलाई विभिन्न देशमा शरणार्थी हुन बाध्य पाऱ्यो।

आज इजरायली शासकहरू हमासको प्रत्याक्रमणलाई निहुँ बनाएर, त्यसको बहानामा प्यालेस्टिनी जनतालाई नै नामेट पार्न जातीय सफाया गर्न अगाडि बढ्दै छन्। इजरायली कृषिमन्त्रीले महिना दिनअगाडि हामी गाजामा मक्बा (Makba) गर्दै छौँ भने। नक्बा भनेको नरसंहार हो। कार्तिक १० गते अमेरिकी राष्ट्रपति जो बाइडेन इजरायल पुगेर आफू साथमा रहेको बताएर इजरायली शासकहरूलाई प्यालेस्टिनी जनताको जातीय सफाया गर्न होस्याउँदै छन् किनभने त्यो इजरायलमा अमेरिकाको लगानी हो। प्यालेस्टिनी जनताको नरसंहार गराएर उनी आम्दानी गर्दै छन्। उनलाई विश्वको तेलको भण्डार लुट्नु छ। यहाँ टेकेर, स्प्रिङ बोर्ड बनाएर मध्यपूर्व, युरोप, एसियामाथि हस्तक्षेप गर्नु छ; अशान्ति मच्चाउनु छ। रुस र चीनलाई शान्ति र विकासबाट, अनि विश्वका जनताको न्यानो माया, साथ, समर्थन र सहयोगको लागि रुस र चीनको अगाडि बढिरहेको हातलाई रोक्नु छ। उनलाई यस क्षेत्रमा जसरी पनि सधैँ अस्थिरता कायम गर्नु छ। त्यसैले साम्राज्यवादी, उपनिवेशवादी, फासीवादीहरूको बर्बर कदमको विरोधमा, नरसंहार र जातीय सफायाको विरोधमा विश्वका जनताले प्यालेस्टिनी र प्यालेस्टिनी जनताको पक्षमा साथ र समर्थनमा आवाज उठाउनु आवश्यक छ। मित्र देशलाई खाएको बाघले हामीलाई खान सक्छ। त्यसको लागि सबै नेपाली जनता सचेत हुनु आवश्यक छ।

# आर्थिक सबलीकरणको लागि आकस्मिक योजना

✍ प्रा. विश्वम्भर प्याकुर्‍याल


मुलुकमा अस्थिर अर्थ-राजनीति हुँदा विकासले गति लिन सक्दैन। नेपालले राजनीतिक फड्को जसरी मार्न सक्यो, आर्थिक विकासमा अपेक्षाकृत फड्को मार्न नसक्दा जनतामा राज्य प्रणालीप्रति आउन सक्ने असन्तुष्टिप्रति समयमै राजनीतिक दलहरूले गम्भीरता देखाउन ढिला गर्नु हुँदैन। आज परिश्रम गर्न सक्ने व्यक्तिहरूले पनि काम पाएका छैनन्, महँगीले गर्दा अधिकांश व्यक्तिको दैनिकी कठिन बन्दै गएको छ। परियोजनाको प्राथमिकीकरण राजनीतिक स्वार्थमा आधारित भएकोले बजेटको वर्गीकरण सधैँ विवादास्पद बनेको छ। एकातिर प्रावधान गरिएको बजेट खर्च हुन सकेको छैन भने अर्कोतिर वैदेशिक सहयोग उपयोग गर्ने सामर्थ्यमा ह्रास हुँदै गएको छ। आत्मविश्वासमा गिरावट आयो भने स्वदेशी वा विदेशी लगानीकर्ता हतोत्साहित हुनेछन्। लगानीमा प्रोत्साहनस्वरूप चालु आर्थिक वर्षको बजेटमा सरकारले न्यूनतम पुँजी लगानी ६० प्रतिशतले घटाएको थियो तर त्यसको खासै प्रभाव परेको देखिँदैन।

सीमित क्षेत्रमा लगानी थुप्रिएकोले फरक कारणले एउटा क्षेत्रमा देखिएको सङ्कट अर्को क्षेत्रमा प्रवाहित हुने गरेर सानो समस्याले पनि राष्ट्रिय समस्याको रूप लिने गरेको छ। हामीले आफ्नो लगानी तथा आर्थिक गतिविधिलाई एउटा क्षेत्रमा मात्रै सीमित नगरेर मुलुक र मुलुक बाहिर विभिन्न स्थानमा विविधीकरण गर्न सकेको भए राजनीतिक अस्थिरताले एउटा स्थानमा भोगेको असफलतालाई अर्को स्थानमा सञ्चालित गतिविधिले धेरै हदसम्म सन्तुलन गर्न सकिन्थ्यो। नेपाल राष्ट्र बैङ्कले सन् २०२०/२१ को अन्तसम्म वैदेशिक प्रत्यक्ष लगानीको स्वीकृति लिएका ६०४ ओटा कम्पनीमध्ये १९७ कम्पनीको सालाखाला क्षमता उपयोग ६४.९ प्रतिशत र नाफा १४.७ प्रतिशत रहेको देखाएको छ तर प्रदेशगत रूपमा प्रत्यक्ष वैदेशिक लगानी (एफडीआई) को अङ्कको मूल्याङ्कन गर्ने हो भने असमानता छ। यसमा वागमती प्रदेशले ५६.१ प्रतिशत हिस्सा ओगट्छ भने कोसीमा १६.१ प्रतिशतबाहेक अन्य प्रदेशमा समेत सन्तोषजनक छैन। एफडीआई स्टक सुदूरपश्चिममा ०.८ प्रतिशत छ भने कर्णालीमा शून्य रहेको छ।

दक्षिण एसियाको अन्य मुलुकको तुलनामा नेपालमा कुल गार्हस्थ आम्दानी (जीडीपी) सन्तोषजनक छैन। दक्षिण एसियाको सालाखाला जीडीपी वृद्धिदर सन् २०२२ मा ६.० प्रतिशत रहयो जुन सन् २०२१ को तुलनामा १.० प्रतिशत न्यून हो। भारतमा सन् २०२३/२४ मा वृद्धिदर ६.३ प्रतिशत रहने प्रक्षेपण गरिएको छ। यही समयमा माल्दिभ्समा ६.५ प्रतिशत रहनेछ। बङ्गलादेशमा पनि ५.६ प्रतिशतको अनुमान गरिएको छ। राजनीतिक अस्थिरता र ऋणको दायित्व वृद्धिले गर्दा पाकिस्तानमा यो वृद्धिदर करिब २ प्रतिशतको हाराहारीमा रहने देखिएको छ भने मन्दीपछि श्रीलङ्कामा पुनर्उत्थानको सङ्केत देखिँदैछ। नेपालमा भने सन् २०२२ मा देखिएको ५.६ प्रतिशतको वृद्धि अर्थतन्त्रमा सामान्य रिकभरि हुन गए सन् २०२४ मा अधिकतम् ३.९ प्रतिशतम्म रहने प्रक्षेपण गरिएको छ। सन् २०२३ मा भने गत १० वर्षको सालाखाला वृद्धिको तुलनामा सबैभन्दा कम १.९ प्रतिशतमा झर्न गएको छ।

वर्तमान विकास ढाँचा आर्थिक वृद्धिमा मात्र बढी केन्द्रित भएकोले यसमा परिवर्तनको खाँचो छ। त्यसमाथि पनि यसले असमानता वृद्धि, वातावरणीय अन्याय र पारिस्थितिक प्रणालीमै समस्या ल्याएकाले वर्तमान ढाँचामा सुधार नल्याए विकासको स्थायित्व कठिन छ। राजस्वको मुख्य आधार कर सङ्कलनमा पारदर्शिताको अभाव तथा गिरावट प्रस्ट देखिन्छ। विकास योजना र सामाजिक क्षेत्रमा गरिने लगानी घट्दै जाँदा यसले आर्थिक वृद्धिमा तगारो लागदछ।

नेपाललाई अन्य मुलुकसँग तुलना गर्न र मुलुकले गरेका विकासको लेखाजोखा गर्न केही चलनचल्तीका सामान्य परिसूचक अध्ययन गर्दा नतिजा राम्रो देखिँदैन। जीडीपीले मुलुकको कुल उत्पादनलाई सङ्केत गर्छ। माथि भनेजस्तै यसको वृद्धिदर हेर्यो भने क्षेत्रीयस्तरमै कम देखिन्छ। त्यस्तै कुल राष्ट्रिय उत्पादन (जीएनपी) ले वैदेशिक लगानीलगायत कुल आर्थिक उत्पादनलाई सङ्केत गर्छ जुन निकै कम छ। जीएनपीलाई जनसङ्ख्याले भाग लगाउने हो भने प्रतिव्यक्ति आम्दानी देखाउँछ जो न्यून छ, मुस्किलले एक हजार ३९९ डलर पुग्न जान्छ। सङ्कटग्रस्त भएर पनि श्रीलङ्कामा २०२३ मा तीन हजार ८३३ डलरको हाराहारीमा रहने प्रक्षेपण गरिएको छ। जन्म र मृत्युदर हेर्दा स्वास्थ्य सेवाको उपलब्धता र जनकल्याणको क्षेत्रमा



कमजोर अवस्था छ। मानव विकास परिसूचकअन्तर्गत लिइने सालाखाला मृत्युदर, शिक्षा र कुल राष्ट्रिय आय सबैजसो परिसूचकहरू दिगो विकास कार्यक्रममा लिइएको उद्देश्यको तुलनामा कम छ। अझ पनि बाल मृत्युदर उच्च छ जसले स्वास्थ्य सेवा र जीवनयापनको अवस्था इङ्गित गर्छ। बाह्य क्षेत्रको सकारात्मक प्रवृत्ति र ऊर्जा क्षेत्रमा भने सन्तोषजनक अवस्था छ।

मौद्रिक नीतिको पहिलो त्रैमासिक समीक्षामार्फत राष्ट्र बैङ्कले गरेको परिमार्जित नीतिले परिस्थितिजन्य कारणले समस्यामा परेका ऋणीले तोकिएको क्षेत्र र अन्य क्षेत्रमा प्रवाह भएको पाँच करोड रूपैयाँसम्मको कर्जालाई ऋणीको अनुरोध, उद्योग व्यवसायको नगद प्रवाह तथा आम्दानी विश्लेषणको आधारमा बैङ्क तथा वित्तीय संस्थाबाट बुझाउनुपर्ने ब्याजको कम्तीमा १० प्रतिशत रकम असुलउपर गरी नेपाल राष्ट्र बैङ्कले खुकुलो मौद्रिक नीति अपनाई आउँदो चैतसम्म पुनर्तालिकीकरण वा पुनःसंरचना गर्न पाउने सहुलियत प्रदान गरेर साना ऋणीलाई राहत दिने कार्यक्रम सार्वजनिक गरेको छ।

बाह्य क्षेत्र सुधारात्मक देखिए तापनि लगानीको अभावमा औद्योगिक उत्पादनमा ह्रास आएको छ। आन्तरिक प्रयासमा सम्भव भएका वस्तुहरूको समेत आयात भइरहेको छ। निराशाजनक निर्यातले व्यापार घाटा अत्यधिक बढेर एकातिर राजस्व घट्नु र अर्कोतिर व्यापार र उद्योगको अभावमा बाह्य क्षेत्र सीमित वस्तु र सेवाको बलमा टिक्नुले गर्दा हाम्रो बाह्य क्षेत्रको उपलब्धि दिगो हुने कुरामा विश्वास गर्न गाह्रो भएको छ। कल्पना गरेभन्दा छिटो राष्ट्र बैङ्कले निश्चित क्षेत्रमा मौद्रिक सुधार ल्याउने प्रयास गरेको छ। बजारले सुधारअनुरूप पाँच वर्षदेखि तात्त्विक रूपमा नतिजा दिन सकेको छैन। तरलता बढेर ब्याज दरमा कमी आउँदा वित्तीय संस्थाबाट ऋण प्रवाह हुन नसक्नुले सरोकारवालाबिचको असमझदारीलाई इङ्गित गर्दछ। यसमा नेपाल सरकार र राष्ट्र बैङ्कले नीतिगत प्रयासको खाँचो छ। औद्योगिक क्षेत्र सन् २०२२ मा भएको १०.८ प्रतिशतको वृद्धिबाट २०२३ मा ०.६ प्रतिशतमा घट्न गएको छ भने कृषि क्षेत्र पनि ५.६ प्रतिशतको वृद्धिबाट १.९ प्रतिशतमा ओर्लेको देखिन्छ।

अहिले मुलुक गम्भीर परिस्थितिबाट गुज्रिरहेको छ त्यसलाई थेग्न सक्ने खालको आकस्मिक योजना बनाउनु आवश्यक छ। जोखिमको उच्चस्तरमा रहेका मुलुकमा पनि आकस्मिक योजनाले निकै सहयोग पुगेको छ। यस्तो योजनाबाट व्यापारिक सङ्गठनहरूले राजनीतिक वातावरणमा आएको आकस्मिक परिवर्तनबाट आफूलाई जोगाउन धेरै हदसम्म सफल भएका छन्। आकस्मिक योजनामा बढ्दो राजनीतिक अस्थिरता अथवा सरकारले ल्याएको नीति परिवर्तनलाई न्यूनीकरण गर्न निश्चित कार्ययोजना तर्जुमा गर्न सकिन्छ। व्यापारिक सङ्गठनहरूले पनि आफ्नो व्यापार सञ्चालनमा, सम्पत्तिमा र जनतामा राजनीतिक जोखिमले सिर्जना गरेको प्रभाव न्यूनीकरण गर्न परामर्श योजना बनाउनु पर्नेछ। यस्तो योजनामा राजनीतिक जोखिमको निगरानी र मूल्याङ्कनको प्रावधानको साथै अनुभव गरिरहेका वर्तमान जोखिमहरूको अद्यावधिक खाका तयार गरी सुसूचित भैराख्नु पर्नेछ। साथै, उद्योग व्यवसायीहरूले सम्भावित जोखिम र तिनलाई न्यूनीकरण गर्न लिन लागेका नीतिहरूबारे कर्मचारी, उपभोक्ता तथा अन्य सम्बन्धित सरोकारवालाबीच नियमित संवाद गर्नुपर्ने हुन्छ।

राजनीतिक अस्थिरता, कोभिड महामारी, भ्रष्टाचार र शासकीय कमजोरीले धेरै उद्योगधन्दा जोखिमपूर्ण अवस्थामा छन्। यस्तो बेला सरकारले त्यस्ता रुग्ण उद्योगहरूलाई पुनर्जीवित गर्न विशेष कार्यक्रम ल्याउन जरूरी छ। यस्ता कार्यक्रमले रोजगारी वृद्धि गर्नुका साथै रुग्ण उद्योगको पुनर्स्थापना गर्न सहयोग पुग्दछ। राज्यबाट राहत पाएर आर्थिक विकासको गतिलाई सामान्यीकरण गर्न गरिएका धेरै प्रयोग विश्वमा सफल भएका छन्। यस्ता प्रयोग नेपालमा कति सम्भव छ ? व्यावसायिक छलफलको आवश्यकता देखिन्छ। कुनै पनि क्षेत्रमा लगानी गर्नुअघि त्यस स्थानको पूर्वाधारहरूको अवस्थामा प्रचुर अध्ययन र मूल्याङ्कन गरी स्थानीय स्तरका सम्भावित लगानीकर्ताको दृष्टिमा बजारको सम्भाव्यता र हाँक के के हुन् विश्लेषण आवश्यक छ।

त्यस्तै प्राथमिकताका परियोजनाको राजनीतिक जोखिम बिमा आवश्यक छ। लगानीकर्ताका पहुँच बाहिरका कारणबाट परियोजनाले भोग्न सक्ने जोखिमबाट सुरक्षा लिन र भविष्यमा वैदेशिक लगानीकर्तालाई समेत प्रोत्साहित गर्न यो नीति आवश्यक देखिन्छ। मुद्रा अपरिवर्तनीयताले गर्दा मुद्राको प्रयोग र ऋण तिर्न समस्या खडा हुने हुनाले सरोकारवालाबिचको समझदारी टुट्न सक्छ। बहुपक्षीय प्रभावको रूपमा सम्बन्धित व्यक्ति वित्तीय निर्णय लिन हिच्किचाउने हुनाले यसबाट लगानी घट्नुका साथै आर्थिक वृद्धिमा नकारात्मक प्रभाव पर्न सक्छ। त्यसैले विश्वव्यापी घटनाहरूको बारेमा सचेतना हुन आवश्यक छ।

कतिपय अन्तर्राष्ट्रिय घटना र विदेशी राष्ट्रले लिएका आन्तरिक नीतिगत निर्णयको प्रभाव अन्य मुलुकको स्थानीय अर्थसामाजिक स्तरमा समेत पर्ने गर्दछ। जस्तैः रूस-युक्रेन युद्धको प्रभाव विश्वव्यापी आपूर्तिमा र अर्थ-राजनीतिमा पर्न गयो। हामीले एउटै मुलुकसँग मात्र भर नपरी आपूर्ति संयन्त्रलाई विविधीकरण गर्न सकेमा अर्थतन्त्रमा पर्नसक्ने क्षतिबाट धेरै हदसम्म सुरक्षित रहन सकिन्छ। हालै अमेरिकाले गरेको ट्राभल एडभाइजरीको निर्णयले पार्न सक्ने असरको विश्लेषण गरी यसलाई सहजीकरण गर्न सरकारले विलम्ब गर्नु हुन्न। अर्थशास्त्री किन्सले 'इन द लङ रन एभ्री वन इज डेड' (कालान्तरमा सबैको मृत्यु हुन्छ) भनेजस्तै राजनीतिक नेतृत्वले अब तात्कालिक, देख्न र भोग्न सकिने प्रभावउन्मुख नीति आइराखेको छ भन्ने कुरामा जनतालाई विश्वास दिलाउनु पर्दछ।

*(पूर्वराजदूत एवं लेखक वरिष्ठ अर्थशास्त्री हुनुहुन्छ)*

*रासस*

## सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।

- सार्वजनिक सम्पत्तिको अतिक्रमण नगरौं।
- सार्वजनिक सम्पत्ति स्याहार संभार गरी सार्वजनिक काममा प्रयोग गरौं।
- सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु हामी सबैको कर्तव्य हो।
- सार्वजनिक सम्पत्तिको अतिक्रमण र हानिनोक्सानी कानूनी रुपमा दण्डनीय हुन्छ।
- सार्वजनिक सम्पत्तिको अतिक्रमण वा हानिनोक्सानी हुँदा सम्बन्धित निकायमा जानकारी गराउनु नागरिकको कर्तव्य हो।

नेपाल सरकार
विज्ञापन बोर्ड

## हार्दिक समवेदना



भक्तपुर जिल्ला भ.न.पा. वडा नं. ६ देकोचा टोल बस्ने यस संस्थाका सदस्यता नं. **७१४३** का सदस्य **रविना कुम्पाख**को असामयिक निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

जन्मः २०५१/१०/०५
निधनः २०८०/०८/२०

**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**
भ.न.पा.-७,चोर्चा,भक्तपुर

## हार्दिक समवेदना



भक्तपुर जिल्ला चा.न.पा. वडा नं. ९ ताथली टोल बस्ने यस संस्थाका सदस्यता नं. **८२३२** का सदस्य **गोविन्द राउत**को असामयिक निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

जन्मः २०२५/०९/०२
निधनः २०८०/०६/२४

**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**
भ.न.पा.-७,चोर्चा,भक्तपुर

# इरानको केरमान सहरमा भएको आतङ्कवादी बम विष्फोटमा परी ७३ जनाको मृत्यु, १७० भन्दा बढी घाइते

तेहरान, १८ पुस (एएफपी) । इरानमा बुधबार रिभोल्युसनरी गार्डका जनरल कासिम सुलेमानीको सन् २०२० मा भएको हत्याको वार्षिकी मनाउने भीडमा लगातार दुई वटा बम विस्फोट हुँदा कम्तीमा ७३ जनाको मृत्यु भएको र अरू १७० जनाभन्दा बढी घाइते भएको सरकारी टेलिभिजनले बताएको छ । सो बम हमला देशद्रोही विदेशी दलालहरूले गरेको इरान सरकारले आरोप लगाएको छ ।

"विस्फोटमा कम्तीमा ७३ जनाको मृत्यु भएको छ", सरकारी टेलिभिजनले भनेको छ । विस्फोट दक्षिणी सहर केरमानस्थित साहेब अल-जमान मस्जिदमा इरानका रिभोल्युसनरी गार्डका विदेशी अभियान प्रमुख सुलेमानीको चिहान नजिकै भएको थियो ।

केही समयअघि मस्जिद नजिकै लगातार दुई वटा विस्फोटको सूचना प्राप्त भएको थियो । सरकारी टेलिभिजनका तस्बिरहरूमा उक्त क्षेत्रमा धेरै एम्बुलेन्स र उद्धारकर्मी देखाइएको छ । इरानको तस्निम समाचार एजेन्सीका अनुसार विस्फोटमा १७० जना घाइते भएका छन् ।

सुलेमानीले इरानको इस्लामिक रिभोल्युसनरी गार्ड्स कोर्प्सको विदेशी अपरेसन शाखा कुद्स फोर्सको नेतृत्व गर्नुभएको थियो । उक्त शाखाले मध्यपूर्वमा सैन्य कारबाहीहरूको निरीक्षण गर्थ्यो । जनरल सुलेमानी बगदाद विमानस्थलको ठिक बाहिर अमेरिकी ड्रोन हमलामा मारिनुभएको थियो । उहाँ इरानमा सम्मानित व्यक्तित्व हुनुहुन्थ्यो ।

**अल...**

हमास पोलिटब्युरो सदस्य इज्जत अल-रिश्कले यसलाई 'कायरतापूर्ण हत्या' भन्नुभएको छ । अरौरी हमासको पोलिटब्युरोमा एक वरिष्ठ अधिकारी हुनुहुन्थ्यो र उनको सैन्य मामिलाहरूमा गहिरो संलग्नता भएको मानिन्छ । उहाँले यसअघि कब्जा गरिएको वेस्ट बैङ्कमा समूहको उपस्थितिको नेतृत्व गर्नुभएको थियो ।

# भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ब्यासी, भक्तपुर

## सूचना

आ.व. २०८०/०८१ मा यस नगरपालिका क्षेत्रभित्र स्थायी बसोबास गर्ने जेहेनदार तथा विपन्न विद्यार्थीहरूलाई शैक्षिक योग्यताको (एकेडेमिक सर्टिफिकेट) धितो राखेर सहुलियत ब्याज दरमा ऋण दिई स्वदेशमै उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीहरूलाई यस नगरपालिकाबाट शैक्षिक ऋण प्रदान गर्ने सम्बन्धमा आवेदन पर्न आएकामध्ये अन्तर्वार्ताबाट छनोट भएका विद्यार्थीहरूलाई शैक्षिक ऋण प्रदान गर्नेसम्बन्धी अभिमुखीकरण कार्यक्रम निम्न मिति, समय र स्थानमा हुने भएको हुँदा सम्बन्धित विद्यार्थी एकजना अभिभावकसहित उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ :

**मिति** : २०८०।०९।२० गते, शुक्रबार **समय** : दिनको १:०० बजे **स्थान** : भ.न.पा. सभाकक्ष

| क्र.सं. | नाम | ठेगाना | क्र.सं. | नाम | ठेगाना | क्र.सं. | नाम | ठेगाना |
|---|---|---|---|---|---|---|---|---|
| १. | अस्मिता दुवाल | भनपा १ | ३६. | कृषा फैजु | भनपा ४ | ७१. | राजन गोसाई | भनपा ७ |
| २. | सोनिया खत्री | भनपा १ | ३७. | सुजल प्रजापति | भनपा ४ | ७२. | कञ्चन साँयुजु | भनपा ७ |
| ३. | कृतिका गुरुङ | भनपा १ | ३८. | बिपिन गोसाई | भनपा ४ | ७३. | सुदिप उलक | भनपा ७ |
| ४. | अजय मातां | भनपा २ | ३९. | सुलक्षण कर्माचार्य | भनपा ४ | ७४. | अनु कुस्मा | भनपा ७ |
| ५. | सरिक कोजु | भनपा २ | ४०. | स्प्रिया कर्माचार्य | भनपा ४ | ७५. | सुरज प्रजापति | भनपा ७ |
| ६. | समिर द्योपाला | भनपा २ | ४१. | सिलन सुवाल | भनपा ४ | ७६. | शैली गोसाई | भनपा ७ |
| ७. | सुप्रिया सुलु | भनपा २ | ४२. | यमन सुवाल | भनपा ४ | ७७. | निर्जला लाखा | भनपा ७ |
| ८. | रुबिसा सितिखु | भनपा २ | ४३. | कृषा शिल्पकार | भनपा ४ | ७८. | रचिना गोसाई | भनपा ७ |
| ९. | रचक खर्बुजा | भनपा २ | ४४. | रोजी प्रजापति | भनपा ४ | ७९. | मनसुन गोसाई | भनपा ७ |
| १०. | इसान सुवाल | भनपा २ | ४५. | कुसुम प्रजापति | भनपा ५ | ८० | निश्चल बोहजु | भनपा ७ |
| ११. | मनिषा सुवाल | भनपा २ | ४६. | अभिनव कर्माचार्य | भनपा ५ | ८१. | प्रविन लाखाजु | भनपा ७ |
| १२. | सुप्रभा सैंजु | भनपा २ | ४७. | सुशान चिकंबन्जार | भनपा ५ | ८२. | रुस्तम ग्वाछा | भनपा ७ |
| १३. | रेस्टिना सितिखु | भनपा २ | ४८. | युनिका तुल्सीबाख्यो | भनपा ५ | ८३. | विविका गोसाई | भनपा ८ |
| १४. | कृषा सुवाल | भनपा २ | ४९. | सिम्रन कर्माचार्य | भनपा ५ | ८४. | अलिशा त्योछिन | भनपा ८ |
| १५. | सुजाता कासुला | भनपा २ | ५०. | वर्षा ढुकुछु | भनपा ५ | ८५. | क्रिमन बासी | भनपा ८ |
| १६. | कञ्चन बाटी | भनपा २ | ५१. | रश्मी त्वानाबासु | भनपा ५ | ८६. | श्रयना बासी | भनपा ८ |
| १७. | उत्कर्ष झा | भनपा २ | ५२. | प्रिया फसिकवा | भनपा ५ | ८७. | रोजिता सैंजु | भनपा ८ |
| १८. | कृजल कोजु | भनपा २ | ५३. | विमला सिन्ताकल | भनपा ५ | ८८. | शितल शिवहरि | भनपा ८ |
| १९. | कृतिका बोयजु | भनपा ३ | ५४. | सरु खोतेजा | भनपा ५ | ८९. | रुसन बेको | भनपा ८ |
| २०. | प्रजिता बासुकला | भनपा ३ | ५५. | सुजन सिजख्व | भनपा ६ | ९०. | रमिता श्रेष्ठ | भनपा ९ |
| २१. | आयुषा बाईजु | भनपा ३ | ५६. | जीवन सुवाल | भनपा ६ | ९१. | कृष्टि कोजु | भनपा ९ |
| २२. | रिया सैंजु | भनपा ३ | ५७. | सक्रिय अवाल | भनपा ६ | ९२. | स्नेहा कोजु | भनपा ९ |
| २३. | मिना नापित | भनपा ३ | ५८. | एरीका दुवाल | भनपा ६ | ९३. | प्रतिभा गाईजु | भनपा ९ |
| २४. | लक्ष्मण त्वायना | भनपा ३ | ५९. | रबिक कैटी | भनपा ६ | ९४. | कृष्टिना प्रजापति | भनपा १० |
| २५. | सलिजा वेंजु | भनपा ३ | ६०. | रोजा मुनंकर्मी | भनपा ६ | ९५. | परी अवाल | भनपा १० |
| २६. | पृथक बल्ल | भनपा ३ | ६१. | प्रकृति हामो | भनपा ६ | ९६. | उकेश प्रजापति | भनपा १० |
| २७. | श्रीया त्वायना | भनपा ३ | ६२. | रितेस साही | भनपा ६ | ९७. | सुनिल तण्डुकार | भनपा १० |
| २८. | रोमन भुजु | भनपा ३ | ६३. | मनिला सुवाल | भनपा ६ | ९८. | निकिता कैटी | भनपा १० |
| २९. | युनिक शिल्पकार | भनपा ३ | ६४. | अञ्जली सुवाल | भनपा ६ | ९९. | दिवेश श्रेष्ठ | भनपा १० |
| ३०. | रक्षा जाकिबन्जार | भनपा ४ | ६५. | समिरा कोजु | भनपा ६ | १००. | सुजाता राजचल | भनपा १० |
| ३१. | बिपिका घेमसु | भनपा ४ | ६६. | रिजा मलेकार | भनपा ६ | १०१. | उमेश सुवाल | भनपा १० |
| ३२. | रोजिना नागाजु | भनपा ४ | ६७. | श्रीस सितिखु | भनपा ६ | | | |
| ३३. | राज तलासी | भनपा ४ | ६८. | आयुष रंजितकार | भनपा ६ | | | |
| ३४. | मुस्कान सुवाल | भनपा ४ | ६९. | लसता अवाल | भनपा ६ | | | |
| ३५. | उर्जा मुनंकर्मी | भनपा ४ | ७०. | रीजु बजिको | भनपा ६ | | | |

## हार्दिक श्रद्धाञ्जली



**भवानी जोशी**

**जन्म** : २००७/०१/२९ **निधन** : २०८०/०८/०५

आर. बी. जोशी फाउण्डेसनका संस्थापक एवं भक्तपुर साहित्यिक समाजका विशिस्ट सदस्य तथा भक्तपुर प्रतिभा पुरस्कार कोषका दाता आदरणीय कवि **भवानी जोशी**को दु:खद निधन भएको आज ४५ औं दिनको पुण्यतिथिमा उहाँको योगदानको स्मरण गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछ ।

**भक्तपुर साहित्यिक समाज**
भक्तपुर

## हार्दिक श्रद्धाञ्जली



**भवानी जोशी**

**जन्म** : २००७/०१/२९ **निधन** : २०८०/०८/०५

श्री बाल्मीकी आश्रम (कृष्ण भजन मण्डल) सेवा समितिका आजीवन सदस्य **भवानी (कायष्ठ) जोशी**को दु:खद निधनको खबरले यस समिति स्तब्ध एवं मर्माहत भएको छ । स्व. भवानी जोशीले राधाकृष्णको प्रतिमा स्थापना गरिदिनुभई श्री कृष्ण भजन मण्डलको नामबाट समितिको जन्म भएको स्मरण गर्दै आज ४५ औं दिनको पुण्यतिथिमा दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दछौं । यस दु:खद घडीमा उहाँप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवाजरनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनी हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**बाल्मीकी आश्रम सेवा समिति**
**कृष्ण भजन मण्डल परिवार**
हनुमानघाट, भक्तपुर

प्रकाशक तथा कार्यकारी सम्पादक : उद्धव सुजखु★सम्पादक : विष्णुगोपाल कुसी★कार्यालय : कमलविनायक, भक्तपुर★फोन नं. ६६१०९२१, विज्ञापन शाखा - ६६१९१०७/६६२०५५९ फ्याक्स : ६६१३२०७★E-mail: majdurdaily@gmail.com★मुद्रक : सिद्धिगणेश अफसेट प्रेस, चोर्चा